

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

eprateekdaily.com

"Women in leadership: Achieving an equal future in a COVID-19 word"
राष्ट्रिय नारा
"महिलाको सुरक्षा समृद्ध नेपालको आधार: सम्मान र रोजगार"
नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

❖ वर्ष ३४ ❖ २०७७ फागुन २५ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 March 09 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १९३


## फोरलेन सडक: कालोपत्र भएको एक महीनामैं खानेपानीले भत्कायो



खानेपानी संस्थानले भत्काएको वीरगंज फोरलेन सडक । तस्वीर: प्रतीक

प्रस, वीरगंज, २४ फागुन/

वीरगंज महानगरपालिकाले निर्माण गरेको घण्टाघर–पावरहाउस सडकखण्ड बनेको एक महीनामैं खानेपानी संस्थानले भत्काएको छ ।

सो सडकखण्डको अर्पणा कम्प्लेक्स अगाडि खानेपानी संस्थानले सडक भत्काएर काम गरेको छ। भर्खरै निर्माण भएको सडकखण्ड भत्काइएपछि सो बाटो भएर आउनमा समस्या भएको छ । घण्टाघर–पावरहाउस फोरलेन सडक लामो समयदेखि बिग्रेको र भर्खरै लगभग दुई किलोमिटरको उक्त सडकखण्ड महानगरपालिकाले रु २ करोडको लागतमा निर्माण गरेको हो। सडक बनेको एक महीना पनि बित्न नपाउँदै सो सडकखण्ड भत्काइएपछि अहिले आलोचना भएको छ ।

वीरगंज महानगरका नगरप्रमुख विजयकुमार सरावगीले सडकखण्ड भत्काइएको बारे आफूलाई जानकारी नभएको र कुरा बुझ्ने बताए ।

महानगरका योजना प्रमुख इन्जिनीयर राकेशकुमार साहले खानेपानीको पाइपलाइन मरम्मतको लागि सडक खन्ने काम भएको बताए ।

उनले सडक बनेको केही दिनमैं सो स्थानबाट पानी लिकेज भएको र सोको रोकथाम नगर्दा सडक झनै बिग्रन सक्ने सम्भावना भएकोले मरम्मतको लागि इजाजत दिएको बताए । उनले सडक मरम्मतपछि नयाँ सरह निर्माण गरिने बताएका छन् ।

## राप्ति–दुधौरा डाइभर्सनको लागि प्रदेश २ ले अध्ययन गर्ने

प्रस, परवानीपुर, २४ फागुन/

मकवानपुर–हेटौंडा भएर बगेको राप्ती खोलाबाट बाराको दुधौरा खोलासम्म पानी ल्याउन राप्ती–दुधौरा डाइभर्सन परियोजना विषयमा प्रदेश २ सरकारले अध्ययन शुरू गर्ने भएको छ।



राप्ति नदीको पानीबारे अध्ययन गर्दै टोली । तस्वीर: प्रतीक



प्रदेश २ मातहतको भौतिक पूर्वाधार विकासमन्त्री जितेन्द्र सोनलको टोलीले जीतपुरसिमरा उपमहानगरपालिका–२२ अमलेखगंजको १ नं. पुलनजीकै रहेको पश्चिमपट्टीको डाँडा भएर राप्ती खोलाबाट डाइभर्सन बनाई दूधौरासम्म पानी ल्याउने योजना अगाडि बढाउन सकिन्छ भन्ने विषयमा अध्ययन अगाडि बढाउने जनाएको छ ।

यसै क्रममा प्रदेश २ का भौतिक पूर्वाधार विकासमन्त्री सोनल, प्रदेशसभा सदस्यहरू तथा बारा जिल्लाका जनप्रतिनिधिहरू र अमलेखगंजका अगुवाहरूले सो क्षेत्रको स्थलगत अनुगमन, निरीक्षण र छलफल पनि गरिसकेका छन्। मन्त्री सोनलले यो परियोजना प्रदेश २ को सपना भएको चर्चा गर्दै आगामी दिनमा डाइभर्सन बन्यो र राप्तीको पानी दुधौरा खोलासम्म आयो भने अमलेखगंजमा पर्यटकीय गन्तव्यको रूपमा वाटरपार्क निर्माण गर्न सकिने, अमलेखगंजमा वर्षौंदेखि सिंचाइ र खानेपानीको अभाव टार्न सकिने र बिजुली उत्पादन गर्न सकिने तथा दुधौरा खोलाको

(बाँकी अन्तिम पातामा)

## अन्तर्राष्ट्रिय नारी दिवसमा विविध कार्यक्रम

प्रस, वीरगंज, २४ फागुन/

१११औं अन्तर्राष्ट्रिय नारी दिवसको




तस्वीर: प्रतीक/वीरगंज

अवसरमा वीरगंजमा जनता समाजवादी पार्टी सम्बद्ध महिलाहरूले आज वीरगंजमा र्‍याली तथा सभा आयोजना गरेका थिए।





घण्टाघरबाट निस्केको र्‍याली नगर परिक्रमापछि सोही ठाउँ पुगेर सभामा परिणत भएको थियो । प्रदेश सांसद करीमा बेगमको अगुवाइमा निस्केको जुलूसमा पिङ्की यादव, मुन्नी श्रीवास्तव, मेनुका सिंहलगायतको सहभागिता थियो।

त्यसैगरी स्माइल नेपाल फाउन्डेशनले एकल महिलाहरूलाई साडी वितरण गरेको छ । राइनो युवा नेपालको सहयोगमा फाउन्डेशनले एक सय एकल महिलालाई साडी वितरण गरेको थियो। संस्थाका अध्यक्ष आँचल सिंहको सभापतित्वमा भएको कार्यक्रममा प्रमुख अतिथि वडाध्यक्ष भरतराउत कुर्मी, राइनो संस्थाका रामप्रसाद गुप्ता, रूपा पाण्डेलगायतको उपस्थिति थियो ।

यसैगरी वीरगंज–१४ पिपराको ग्यालेक्सी युथ क्लबले १११औं नारी दिवसको अवसर पारी ५० जना महिलालाई साडी वितरण गरेको छ ।




तस्वीर: प्रतीक/सेढवा

क्लबका अध्यक्ष राजेश पटेलको अध्यक्षता र नेपाली काङ्ग्रेस निकट केन्द्रीय तराई मधेस समन्वय विभागका सचिव रामनारायणप्रसाद कुर्मीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा एलएस न्युरो अस्पतालका वरिष्ठ न्युरो सर्जन श्यामबाबू प्रसाद, क्लबका संस्थापक अध्यक्ष श्याम पटेल, स्थानीय तह कर्मचारी युनियन पर्साका घनश्याम प्रसाद, समाजसेवी सतनप्रसाद कुर्मी, क्लबका सल्लाहकार विश्वेश्वर पटेललगायतको सहभागिता थियो ।

यसैगरी अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा वीरगंजमा पुरुषहरूले पदयात्रा निकालेका छन् ।

घण्टाघरबाट निकालिएको पदयात्रा नगर परिक्रमापछि सोही ठाउँमा पुगेर सभा गरी समापन भएको थियो ।

यसैगरी चित्रांश युवा समितिले चित्रकला प्रतियोगिता गरेको छ । नारी दिवसको अवसरमा आयोजित चित्रकला प्रतियोगिताको उद्घाटन वीरगंज महानगर शैक्षिक प्रशासन महाशाखाका प्रमुख अरविन्दलाल कर्णले गरेका थिए।

चित्रकला प्रतियोगितामा साउथ जोनका विनय बैठा प्रथम, जिएचपीका विवेककुमार साह द्वितीय र लिटिल




तस्वीर: प्रतीक/पर्सागढी

फ्लावरकी शिपरा शर्मा तृतीय भएका थिए । उनीहरूलाई नगदसहित पुरस्कृत गरिएको थियो ।

कार्यक्रममा चित्रगुप्त समितिका अध्यक्ष महेश दास, रेडक्रसका मनीष दास, चित्रकार निशा सर्राफ, अञ्जली कर्णलगायतले मन्तव्य व्यक्त गरेका थिए।

**प्रस, पर्सागढी, २४ फागुन/**

यसैगरी अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा वीरगंज मनपा–२९ मा सुखी जीवन महिला बचत तथा ऋण सहकारी संस्था लि.ले र्‍याली निकालेको छ ।

वीरगंज महानगरको मुसैली टोलबाट निस्केको र्‍याली मुसैली विद्यालय पुगेर समापन भएको थियो । र्‍यालीमा छोराछोरीमा भेदभाव नगरौं, छोरासरह छोरीलाई पनि पढाऔं, महिलामाथि हिंसा बन्द गरौंजस्ता नारा लगाइएको थियो । कार्यक्रममा संस्थाकी अध्यक्ष प्रमिला मिश्र, सचिव रेणु मण्डल, आशा लोहार, कैलसिया देवीलगायत बालबालिका, ज्येष्ठ नागरिकहरूको सहभागिता थियो ।

कार्यक्रम आयोजनाको लागि स्थानीय समाजसेवी प्रद्युम्न यादवले सहयोग गरेका थिए ।

**प्रस, सेढवा/**

जीराभवानी गाउँपालिकामा पिस फर दलित फाउन्डेशन नेपालको आयोजना तथा आशा नेपाल काठमाडौंको सहकार्यमा अन्तर्राष्ट्रिय महिला दिवस मनाइएको छ ।

उर्मिला पासवानको अध्यक्षता र गापा प्रमुख रामप्रीतमहतो थारूको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा आशा नेपालकी कार्यकारी निर्देशक विमला थापा, आइसा मैनाली, सुमधुर मैनाली, स्थानीय जनप्रतिनिधि चन्देश्वर राम, दलित अधिकार दबाब समूहका अध्यक्ष किशनाथ राम, पिस फर दलित फाउन्डेशनका सदस्य चन्द्रकिशोर राम, सुरेन्द्र पासवान, परमानन्द राम, सल्लाहकार अशोक रामलगायतको सहभागिता थियो ।

फाउन्डेशन नेपालका अध्यक्ष मनोज रामले सो अवसरमा अन्तर्क्रिया गरिएको




तस्वीर: प्रतीक/सेढवा

र सहभागीहरूले महिला जागरुकता र सशक्तीकरण तथा दलित महिलाको भूमिका विषयमा आआफ्नो धारणा राखेको बताए । उनले अहिलेसम्म दलितहरूले सामाजिक न्याय, स्वतन्त्रता

(बाँकी चौथो पातामा)

भोग सुखको प्राप्तिमा हानि हुन्छ र सांसारिक दु:खको प्राप्तिमा लाभ हुन्छ ।

-विचारसार र सूक्तिहरू

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

## पार्टी छुट्टियो

**औपचारिक फुटको ढोका खोजिरहेका नेपाल कम्युनिस्ट पार्टी (नेकपा)लाई अन्ततः सर्वोच्चले सहज तरीकाले छुट्याइदिएको छ। तत्कालीन नेकपा एमाले र नेकपा माओवादी केन्द्र एकीकरण भई 'नेपाल कम्युनिस्ट पार्टी (ने क पा )' बनेको थियो । यो पार्टी निर्वाचन आयोगमा विसं. २०७५ साल, जेठ २३ गते दर्ता भएको हो। यसभन्दा पहिले नै वि.सं २०७० साल, साउन २२ गते ऋषि कट्टेलको संयोजकत्वमा 'नेपाल कम्युनिस्ट पार्टी, नेकपा दर्ता थियो। मुलुकको संविधान २०७२ मा जारी भएपछि कट्टेलले नयाँ संवैधानिक प्रवधानहरूलाई समेटेर विसं २०७४ भदौ २२ गते सोही नाममा आयोगमा दल दर्ता गराए । यो कुरा त्यति बेला एमाले र माओवादीका नेताहरूलाई रामैसँग थाहा थियो। सो सम्बन्धमा पार्टी भित्रै लामो बहस पनि भएको हो । तर तत्कालीन एकीकरणका पक्षधरलाई जसरी पनि त्यही नाम चाहिएको थियो । अन्ततः पूरा नाम पछिको सङ्क्षिप्त नाम 'नेकपा' कट्टेलको रहेकोमा त्यसलाई '(ने क पा)' गरेर प्रचण्ड, ओलीले आयोगमा दर्ता गराए। उच्चारण गर्दा र सुन्दासमेत फरक छुट्याउन नसक्ने एउटै नाम भयो। एउटै नामको नयाँ पार्टी दर्ताले अघोषितरूपमा आफ्नो पार्टीलाई प्रतिबन्ध लगायो भन्दै कट्टेलले तत्कालै आयोगमा मुद्दा दायर गरेका थिए। तर आयोगले उनको गुनासोलाई खासै महत्त्व दिएन र मुद्दा हराइदियो । आयोगको निर्णयबाट चित्त नबुझेका कट्टेल सर्वोच्चमा पुगे, अन्ततः अहिले उनको पक्षमा फैसला भयो।**

**सर्वोच्चको फैसलाले एमाले र माओवादी केन्द्रलाई नेकपा दर्ताभन्दा पहिलेको अवस्थमा फर्काइदिएको छ। नामविनाको पार्टी दर्ता हुँदैन। नामै बदर भएपछि स्वाभाविकरूपले पार्टी दर्ता बदर भयो। अब उनीहरूले नयाँ नाममा सहमति गरेर आयोगमा जानुपर्छ, जुन सम्भव छैन। यी दुई दलले निस्स्वार्थ रूपमा नभई छल, कपटपूर्णरूपमा एकीकरणको नाटक गरेका रहेछन् भन्ने कुरा घामजत्तिकै छर्लङ्ग भइसकेको छ। ती दुवै आफू परस्पर अर्कोलाई आफूमा विलय गराउन चाहन्थे । सोही प्रक्रियामा टकराव हुँदा आज मुलुक अन्योलमा पुगेको छ । एकको चतुर्‍याइँ अर्कोलाई थाहा भइसक्यो, अब पुनः एकता हुने सम्भावना न्यून छ । दुई दलबीच पुनः एकता होइन, दुवै दल चिनो हराएको मान्छेजस्तो बेनामे अवस्थामा पुगेका छन् ।**

**नेकपा (माओवादी केन्द्र) र नेकपा (एमाले) नाम उनीहरूले त्यागिसकेका हुन्। कुनै पनि दलले आफ्नो नाम वा चिह्न त्याग्न पाउँछ। यसरी त्यागेको नाम वा चिह्न एक वर्षसम्म कानूनले सुरक्षित राखिदिएको थियो । नाम, झन्डा, चिह्न त्याग्नेहरू एक वर्षसम्म पनि फर्किएनन् भने सो नाम, चिह्न वा झन्डा अर्कोले दर्ता गर्न पाउने व्यवस्था छ। राजनीतिक दलसम्बन्धी ऐनको सोही व्यवस्था उपयोग गरेर नेकपा (माओवादी केन्द्र) को नाममा गोपाल किराँतीले दल दर्ता गरे। त्यसैगरी नेकपा (एमाले) को नाममा सन्ध्या तिवारीले दल दर्ता गराइन्। अदालतको फैसलापछि प्रचण्ड र ओलीको पार्टी यथावत् रहने हो भने किराँती र तिवारीको पार्टी अब के हुने ? अर्को जटिलता खडा भएको छ। आयोगले उनीहरूको दल खारेज गर्न मिल्दैन। कथं कदाचित खारेज गरियो भने उनीहरू न्यायालय पुग्नेछन्। यो अवस्थमा फैसला नहुन्जेल अर्को अन्योलता थपिन्छ। एउटा गाँठो फुकाउँदा अर्को गाँठो परे पनि धेरै गुजल्टो परेको मुख्य गाँठो भने सर्वोच्चले फुकाइदिएको छ ।**

# अब अन्तरिम सरकार

स्वतन्त्र विचार



श्रीमन्नारायण
an_shriman@yahoo.com

**नेकपा माओवादी केन्द्रको समर्थन फिर्ताको पत्र दर्ता हुनेबित्तिकै उनी अल्पमतमा पर्नेछन् भने वैशाखीको सहारामा कपर्दी खेल्ने अथवा जिम्नास्टिक खेल्ने नेपालका राजनीतिक दलको महत्त्वाकाङ्क्षामाथि पनि विराम लाग्नेछ । मध्यावधि निर्वाचनको विकल्प छैन ।**

प्रतिनिधिसभा पुनर्स्थापनाको पक्षमा सर्वोच्च अदालतले फैसला सुनाएपछि नेपालमा न्यायिक सर्वोच्चता कायम भएको, न्यायपालिकाले लोकतन्त्रलाई बलियो बनाउने काम गरेको तथा यसबाट संसदीय व्यवस्थाको संस्थागत विकास भएको भन्दै नेपालमा राजनीतिक स्थायित्व कायम भएको ठान्ने देशका राजनीतिक विश्लेषकहरू पुनः सर्वोच्च अदालतको एउटा अर्को फैसलाबाट स्तब्ध भएका छन्। ऋषि कट्टेल अध्यक्ष रहेको नेपाल कम्युनिस्ट पार्टी नै आधिकारिक भएको सर्वोच्च अदालतको फैसलाले झन्डै तीन वर्ष अघि एकीकृत भएको नेकपा एमाले र नेकपा माओवादी केन्द्र अब ३ जेठ, २०७५ भन्दा अघिको अवस्थामा फर्केको छ। प्रधानमन्त्री केपीशर्मा ओली नेकपा एमाले संसदीय दलका नेता तथा सत्ताधारी नेकपा एमालेको अध्यक्ष पदमा पुनः स्थापित भएका छन् भने पुष्पकमल दाहाल 'प्रचण्ड' नेकपा माओवादी केन्द्रका अध्यक्ष तथा सो पार्टीका संसदीय दलको नेता पदमा स्वतः नै स्थापित छन्। सर्वोच्च अदालतको यस फैसलाले देशमा राजनीतिक अस्थिरता निम्तिएको छ। साथै अब सबैको आँखा प्रतिनिधिसभाको अङ्कगणितमा केन्द्रित भएको छ । तर जोड–घटाउ एवं लेनदेनको हिसाबमा बन्ने र विघटन हुने सरकारले देशमा राजनीतिक स्थायित्व कायम नगर्ने निश्चित छ ।

प्रचण्डको नेतृत्वमा लागेका नेकपा एमालेका नेताहरू अब पुनः पुरानै पार्टीमा फर्कनुको विकल्प रहेन। अब उनीहरूले संसदमा आआफ्नो पार्टी ह्वीपको पालन गर्न बाध्य हुनेछन्। नैतिकरूपमा पुरानो पार्टीमा फर्कन गाह्रो मानिरहेका तर कानूनीरूपमा नयाँ पार्टीमा बस्न पनि नसकिने अवस्थामा रहेका सत्ताधारी नेकपाका नेताहरूको अवस्था दयनीय हुन गएको छ।

केपीशर्मा ओलीको नेतृत्वलाई स्वीकार गर्न अनिच्छुक नेकपा एमालेका नेताहरू अब आफ्नो राजनीतिक भविष्यलाई दृष्टिगत गरेर पार्टी केन्द्रीय समिति र संसदीय दलका ६० प्रतिशत सदस्यहरूको समर्थन जुटाई पार्टीको आधिकारिकतामाथि दाबी गर्नु अथवा दुवैमा ४० प्रतिशत समर्थनसहित पार्टी फुटाउनुको विकल्प छैन । त्यसैगरी प्रधानमन्त्रीको कित्तामा उभिएका माओवादी केन्द्रका नेताहरूले प्रतिनिधिसभाबाट राजीनामा दिनु अथवा पुनः आफ्नो मातृपार्टीमा फर्कनुको विकल्प छैन। नेकपा माओवादीलाई तिलाञ्जलि दिएर ओली पक्षमा लागेका नेकपा नेताहरूमा पार्टी फुटाउने सामर्थ्य छैन। सर्वोच्च अदालतको यस फैसलाले देशमा थप राजनीतिक अन्योल र अस्थिरता बढाएको छ साथै नेपालमा राजनीतिक दलका शीर्ष नेताहरूले निहित स्वार्थपूर्तिको निम्ति आफ्नै राजनीतिक पार्टीलाई पनि बजारमा बिक्री हुने 'ओपेन सेल'को वस्तु बनाइदिएका छन्। विचारधारा, सिद्धान्त, निष्ठा र महापुरुषको नाम र गरिमाको जति बढी अवमूल्यन एवं उपहास नेपालको राजनीतिमा भएको छ त्यति भरसक विश्व इतिहासमा कहीं कतै भएको पाइँदैन।

नेपाल कम्युनिस्ट पार्टी एमाले र नेकपा माओवादी केन्द्रको एकीकरण नै स्वाभाविक थिएन । किनभने नेकपा एमालेका संस्थापक महासचिव मदनकुमार भण्डारीले बहुदलीय जनवादको सिद्धान्तलाई उपयोगमा ल्याउँदा तत्कालीन एक अमेरिकी अखबारले 'नेपालमा नयाँ मार्क्सको जन्म' भन्ने शीर्षकमा समाचार प्रकाशित गरेको थियो । यो टिप्पणी स्पष्टतः कम्युनिस्ट पार्टीले संसदीय व्यवस्थालाई स्वीकार गर्नु नै ठूलो आश्चर्य भएको सन्दर्भमा थियो । हुनत नेकपा एमालेका कतिपय नेताहरूले त्यति बेला पनि संसदीय व्यवस्थालाई लक्ष्यसम्म पुग्ने भर्‍याङको रूपमा मात्रै विश्लेषण गरेका थिए। शायद त्यही भएर वामदेव गौतमले संसद्लाई खसीको टाउको देखाएर कुकुरको मासु बेच्ने थलोको रूपमा उपमा दिएका थिए, यो बेग्लै कुरा हो कि स्वयं नै विगत तीन दशकदेखि यसै कारोबारमा लागेका छन् र संसदमा नपुगेकै कारण पार्टीबाट असन्तुष्ट बनेका थिए।

नेकपा माओवादी केन्द्र सिद्धान्ततः संसदीय व्यवस्थाको विरोधी रहिआएको हो। सशस्त्र सङ्घर्षमार्फत सत्तासम्म पुग्ने उसको महत्त्वकाङ्क्षा असफल भएपछि मात्रै उसले संसदीय व्यवस्थालाई आत्मसात् गरेको हो। नेकपा एमाले र नेकपा माओवादी केन्द्रको सोच, चिन्तन एवं विचारधारामा व्यापक परिवर्तन रहेको पाइन्छ । नेकपा एमालेका नेताहरूमा राजा महेन्द्रको पञ्चायतकालीन चिन्तन हावी रहेको छ र यस पार्टीको राष्ट्रवादको परिभाषा, घृणा, द्वेष, अवसरवाद एवं सङ्कीर्णताबाट ग्रसित देखिन्छ जबकि यसको ठीक विपरीत माओवादी केन्द्रका नेताहरू समाजका सबै वर्ग, क्षेत्र, जाति एवं समुदायको हकहितमा केही परिवर्तन आएको हेर्न चाहन्छन्। नेपाली काङ्ग्रेस त यथास्थितिवाद नै सबै समस्याको समाधान भएको हेर्न चाहन्छ । एउटा लोकतान्त्रिक पार्टी भएको नाताले यसले देशमा अहिलेसम्म भएका परिवर्तनको विरोध पनि गरेको छैन तर आफ्नो तर्फबाट कुनै ठूलो सामाजिक परिवर्तनको पक्षमा पाइला पनि चालेको छैन, यद्यपि नेपाली काङ्ग्रेस नै नेपालमा लोकतन्त्रको प्राणवायु हो भन्ने कुरामा असहमति जनाउने ठाउँ छैन।

सर्वोच्च अदालतको निर्णयपश्चात् नेकपा माओवादी केन्द्र र नेकपा एमाले आफ्नो पुरानो अवस्थामा फर्केका छन्। २७० सदस्यीय प्रतिनिधिसभामा १३६ को आँकडा जुटाउन नेकपा एमालेले नेपाली काङ्ग्रेस, माओवादी र जसपामध्ये कुनै एकको समर्थन जुटाउनुको विकल्प छैन, त्यो पनि माधव नेपाल समूहले पार्टी नफुटाएमा मात्रै, होइन भने कथम्कदाचित माधव नेपाल समूहले ४० प्रतिशत केन्द्रीय सदस्य तथा ४० प्रतिशत सांसदसहित पार्टी फुटायो भने प्रधानमन्त्री ओलीको पक्षमा ७२ जना मात्र सांसद हुनेछन्। यथास्थितिमा प्रधानमन्त्री ओलीलाई हटाउन सबै विपक्षी दल मिल्नुको विकल्प छैन।

नेकपा माओवादी र नेकपा एमालेबीचको एकीकरण पनि व्यापक अभ्यास र चिन्तनपश्चात् भएको होइन। माओवादीको एक दशक लामो सशस्त्र सङ्घर्षका दौरान माओवादी नेता एवं कार्यकर्ताहरूले एमालेप्रति नरम नीति देखाएका थिए । अदृश्यरूपमा सद्भाव, सहयोग र सहकार्य अवश्य पनि थियो। नेकपा एमालेको महासचिव भएर पनि माधवकुमार नेपालले माओवादीका नेतालाई भेट्न सिलिगुडी तथा लखनऊसम्म पुगेका थिए । एमालेका अध्यक्ष एवं प्रधानमन्त्री केपीशर्मा ओली शुरूदेखि नै नेकपा माओवादीका कट्टर आलोचक तथा विरोधी रहिआएका छन्। नेकपा माओवादीसित कहिल्यै यिनको सुमधुर सम्बन्ध थिएन । प्रधानमन्त्री ओलीको विरोधमा वर्तमान अवस्थामा प्रचण्डको नेतृत्वतिर लागेका पूर्व एमालेका नेताहरूलाई माओवादीप्रति सद्भाव राख्ने एमालेमा नेताहरूको कित्तामा राख्न सकिन्छ।

तीन वर्ष अघि भएको आम निर्वाचनमा वाम गठबन्धनको नाममा साझा चुनावी घोषणापत्र प्रस्तुत गरिएको थियो र केपीशर्मा ओलीलाई प्रधानमन्त्रीको अनुहारको रूपमा अघि सारिएको थियो। भारत, अमेरिका र युरोपेली सङ्घका सदस्य राष्ट्रहरूको सुझाव र सल्लाहलाई अटेर गर्दै तथा आफ्नै देशका मधेसवादी दलहरूको चर्को विरोध एवं आम हडतालका बावजूद हतारहतारमा संविधान जारी गर्ने कार्यको पक्षमा खुलेरै उभिएका केपी ओलीलाई आफ्नो नेता ठानेर चुनावमा गएकै कारण वाम गठबन्धनले ठूलो चुनावी सफलता हासिल गरेको थियो । मधेसी दलको विरोध प्रदर्शनलाई पहाडी क्षेत्रका जनताको हितमा ठान्ने क्षणिक मनोगत विश्लेषणले केपीशर्मा ओलीलाई नेपालको ठूलो राष्ट्रवादी नेताको स्थापित त गर्‍यो तर यसले प्रचण्ड एवं नेपाली काङ्ग्रेसको मधेसप्रति शुभचिन्तक नेताको छविमाथि ठूलो बज्रपात गर्‍यो। विगत तीन वर्षमा प्रधानमन्त्री केपीशर्माले प्रधानमन्त्री कार्यालयलाई निरन्तर बलियो बनाउन काम गर्दै आएका छन् । उनको प्रत्येक कदमलाई सिङ्गो नेकपाले नै समर्थन गर्दै आएको छ। आज परिस्थिति स्वयं तिनको हितविपरीत देखिन थालिएपछि मात्रै सत्ताधारी नेकपाका नेताहरू चिरनिद्राबाट जागेका छन् तर अब धेरै ढिलो भइसकेको छ । प्रधानमन्त्री ओली आफूलाई यति बढी बलियो बनाइसकेका छन् कि उनलाई पदबाट हटाउन नेकपा माओवादीले धेरै थोक गुमाउनुपर्नेछ। माधव नेपालहरूले पनि धेरै थोक गुमाउनुपर्नेछ । सर्वोच्च अदालतको यस फैसलाले पनि प्रधानमन्त्री ओलीलाई नै बलियो बनाएको छ। देशमा अन्योल थपिएको छ । राजनीतिक अस्थिरता बढेको छ। सर्वोच्च अदालतको यस फैसलाले नेकपा एमाले र नेकपा माओवादी केन्द्रका नेताहरूलाई पुनः आफ्नो चुनावी घोषणापत्रमा व्यक्त प्रतिबद्धताहरूको स्मरण गराएको छ र जिम्मेवारी बोधबाट उम्केर भाग्ने बाटो बन्द गरिदिएको छ । दुवैतिर नेकपा (डबल)को परिचय समाप्त भएको छ। प्रधानमन्त्री केपीशर्मा ओली पनि अब पहिलेको जस्तो शक्तिशाली प्रधानमन्त्री रहेनन्। नेकपा माओवादी केन्द्रको समर्थन फिर्ताको पत्र दर्ता हुनेबित्तिकै उनी अल्पमतको प्रधानमन्त्री हुनेछन् भने वैशाखीको सहारामा कपर्दी खेल्ने अथवा जिम्नास्टिक खेल्ने नेपालका राजनीतिक दलको महत्त्वकाङ्क्षामाथि पनि विराम लाग्नेछ। मध्यावधि निर्वाचनको विकल्प छैन। सर्वदलीय र सर्वपक्षीय अन्तरिम सरकार नै एकमात्र विकल्प हो।

# महिला दिवसमा स्टीकर अभियान र वक्तृत्वकला प्रतियोगिता

प्रस, पथलैया, २४ फागुन/

अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा जीतपुरसिमरा उपमहानगरपालिकाले सोमवार सवारीसाधनमा चेतनामूलक स्टीकर टाँस्ने र वक्तृत्वकला प्रतियोगिताको आयोजना गरेको छ।

दिवस मनाउने सन्दर्भमा उपमहानगरपालिकाले राजमार्गमा गुड्ने सवारी साधनमा महिला, ज्येष्ठ नागरिक र अशक्त व्यक्तिका लागि आरक्षण सिटमा स्टीकर टाँस्ने अभियान शुरू गरेको हो।

सवारीसाधनमा आरक्षण सिटको व्यवस्था भए पनि कार्यान्वयन नहुँदा लक्षित व्यक्ति समस्यामा परेकाले अभियान सञ्चालन गरिएको उपमहानगरपालिकाका उपप्रमुख सरस्वती चौधरीले बताइन् । सिमरा चोकमा आयोजित कार्यक्रममा सवारीसाधनमा स्टीकर टाँसेर उपप्रमुख चौधरीले अभियानको शुरूआत गरेकी थिइन्।

स्टीकर टाँस्ने क्रममा उनले चालकलाई आरक्षण सिटमा लक्षित व्यक्तिलाई मात्र बसाउन आग्रह गरिन्। इलाका प्रहरी कार्यालय, सिमरासँग सहकार्य गरेर आयोजित कार्यक्रममा प्रहरी नायब उपरीक्षक दीपक श्रेष्ठसहित ट्राफिक प्रहरी, नगरकार्यपालिकाका सदस्य, उपमहानगरपालिकाका कर्मचारीको उपस्थिति थियो।

यसैगरी उपमहानगरपालिकाले सिमरा अन्तरमाध्यमिक विद्यालय वक्तृत्वकला प्रतियोगिता आयोजना गरेको छ । सात विद्यालयका शिक्षिकाको सहभागिता रहेको प्रतियोगितामा फकिरा गिरी राजेश्वर गिरी माध्यमिक विद्यालयकी सीता अधिकारीले प्रथम स्थान हासिल गरिन्।

महिला सुरक्षा, सम्मान र रोजगार: समृद्ध नेपालको आधार विषयक प्रतियोगितामा विष्णु सुवेदी द्वितीय र गीता थपलिया तृतीय भएका छन्। प्रथम, द्वितीय र तृतीय भएका तीनैजनाले नगदसहित ट्रफी र प्रमाणपत्र हात पारेका छन्। विजेता तथा उपविजेतालाई प्रदेश सभा सदस्य ज्वाला साह, शोभा लामा, उपमहानगरपालिका उपप्रमुख चौधरी, भूमिसम्बन्धी समस्या समाधान आयोग बाराकी सदस्य चयन मगरलगायतले पुरस्कार वितरण गरेका थिए।



सवारीसाधनमा चेतनामूलक स्टीकर टाँस्दै । तस्वीर: प्रतीक

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# समानता र अधिकारका लागि लड्दै नेपाली महिला

(सन्दर्भ : १११ औं अन्तरराष्ट्रिय महिला दिवस)

–कालिका खड्का

काठमाडौं, २४ फागुन/रासस

आज ८ मार्च अर्थात् १११ औं अन्तरराष्ट्रिय नारी दिवस । महिला समानता र जागरूकताका लागि आज विश्वभर यो दिवस मनाइन्छ ।

महिला अधिकार, महिला सशक्तीकरण र समानताका विषयहरू अहिले विश्वभर नै यस दिवसका विषय बन्ने गरेका छन् । यो दिवस मनाउन थालेको शताब्दी पुगेको छ तर अहिले पनि विश्वभर नै महिलाले समानता र अधिकारका लागि आवाज उठाइरहनु परेको छ । महिलामाथि हुने विभिन्न प्रकारका हिंसा, असमान व्यवहार अहिले पनि पूर्णरूपमा रोकिएको छैन । अहिले पनि विश्वका अधिकांश भूभागका महिलाहरूले अधिकारकै लागि आवाज उठाइरहनुपरेको छ । त्यसैले आज पनि संसारभरका महिलाहरू आफ्नो अधिकारका लागि आवाज उठाइरहेका छन् । नेपालमा पनि महिलाका यस्तै आवाज बुलन्द पार्न दिवस मनाउने गरिएको छ ।

समयको परिर्वतनसँगै महिला सशक्त हुँदै गएका त छन् तर उनीहरूमाथि हुने हिंसा भने रोकिएको छैन । पछिल्लो समयमा विद्युतीय अपराध बढ्दै गएको छ । त्यसको मारमा महिला धेरै पर्ने गरेका छन् । पारिवारिक रिसका कारण बलात्कारपछि हत्या गर्ने र प्रेममा बेमेल भए वा आफूले भनेजस्तो नभए एसिड आक्रमण गर्नेजस्ता जघन्य अपराधका घटनामा अझै कमी आउन सकेको छैन । तर त्यसविरुद्ध लड्ने बल भने बढ्दै गएको छ । महिलामाथि हुने यस्ता जघन्य प्रकृतिका अपराधमा संलग्नमाथि कारबाईका लागि नागरिक समाज एवं राष्ट्रिय सञ्चारमाध्यमहरूले पनि सरोकारवाला निकायको ध्यानाकर्षण गराई कारबाईका लागि दबाब दिने गरेका छन् । त्यसको एउटा सफल उदाहरण मुस्कान खातुनमाथिको आक्रमणलाई पनि लिन सकिन्छ ।

दुई वर्ष अघि १५ वर्षकी हुँदा प्रेम प्रस्ताव अस्वीकार गरेकै कारण खातुनले तेजाब हमलाको शिकार हुनुपरेको थियो । तर खातुनले त्यसविरुद्ध आवाज उठाइन् । कानून नै बनाएर कडा कारबाई गर्नुपर्छ भनेर अभियान चलाइन् । यस्ता आक्रमणकारीविरुद्ध कडाभन्दा कडा कानून बनाउन आग्रह गरेपछि प्रधानमन्त्री केपीशर्मा ओलीले तत्काल कानून बनाउन निर्देशन दिए र कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको प्रस्तावमा अध्यायादेशमार्फत कानून बन्यो । खातुनले एसिड आक्रमणमा परेका महिलाको हक अधिकार र संरक्षणाका लागि अभियान्ताकै रूपमा सक्रिय भएर काम गरिन् । त्यही सफलताका कारण खातुन प्रतिष्ठित अन्तर्राष्ट्रिय साहसी महिला (आइडब्ल्युओसी) पुरस्कारबाट पनि पुरस्कृत हुने भएकी हुन् । नेपालले पहिलो पटक यो साहसी पुरस्कार प्राप्त गरेको हो ।

अमेरिकी दूतावासले यही फागुन २१ गते जारी गरेको प्रेस विज्ञप्तिमा खातुनले पुरस्कार प्राप्त गरेको र ८ मार्चकै अवसरमा एक भर्चुअल कार्यक्रममा अमेरिकी प्रथम महिला जिल बाइडेन र विदेशमन्त्री टोनी ब्लिङ्कनबाट मुस्कानलाई पुरस्कार प्रदान गरिने बताइएको छ । तेजाब हमला अन्त्यका लागि खातुनले गरेको साहसिक अभियानका लागि यो पुरस्कार दिइएको हो । खातुनजस्तै धेरै नेपाली छोरी आफ्नो अधिकारका लागि लड्न जरुरी छ । अन्यायविरुद्ध आवाज उठाउन जरूरी छ ।

त्यस्तै बैतडीको अर्को एक दुःखद घटना त हामी सबैलाई ताजै छ । बलात्कारजस्तो जघन्य अपराधपछि हत्या गर्ने घटनाले सबै नेपालीलाई असाध्यै मर्माहत बनाएको छ । बलात्कारजस्तो जघन्य अपराध गर्ने व्यक्तिलाई मृत्यदण्ड नै दिनुपर्ने आवाज पनि बेलाबेलामा उठ्ने गरेको छ । जुन नेपालको संविधानमा व्यवस्था गरिएको छैन । तर सरकारले तेजाब आक्रमण गर्ने र बलात्कारविरुद्ध भने कडा कानून बनाएको छ ।

यौन हिंसाविरुद्ध केही ऐनलाई संशोधन गर्न बनेको अध्यादेशमा बलात्कारका घटनामा मिलापत्र गराउने व्यक्तिलाई छ महिनादेखि तीन वर्षसम्म कैद र रु ३० हजारसम्म जरिवाना गराउने कानूनी व्यवस्था गरिएको छ भने सार्वजनिक पद धारण गरेको व्यक्ति भएमा थप छ महीना कैद हुनेछ ।

अध्यादेशमा बलात्कारका घटनामा दोषी ठहर भएका ज्येष्ठ नागरिकलाई कैद छुट नगर्ने व्यवस्था गरिएको छ । ज्येष्ठ नागरिक ऐन–२०६३ मा बलात्कारका घटनामा ज्येष्ठ नागरिकलाई सजाय छुट दिने व्यवस्था थियो तर अध्यादेशले त्यो व्यवस्था हटाएको छ ।

सरकारले गत असोज १२ गते तेजाब आक्रमणसम्बन्धी अध्यादेश जारी गरी एसिड आक्रमणकारीलाई कुनै पनि अवस्थामा २० वर्ष सजाय तोकिएकोमा २० वर्ष नै सजाय काट्नुपर्ने व्यवस्था गरेको छ । अध्यादेशमा एसिड आक्रमण गर्दा सम्बन्धित व्यक्तिलाई नलागेमा पनि उद्योग गरेको मानिने र यस्तो उद्योगमा १० वर्षसम्म कैद र ५ लाखसम्म जरिवाना हुने व्यवस्था छ । एसिड आक्रमण गरेको प्रमाणित भएमा भने २० वर्षसम्म कैद सजाय हुन सक्नेछ । महिलाविरुद्ध हुने हिंसा नियन्त्रण गर्नका लागि सरकारले यो दुई अध्यादेश जारी गरेको हो । अहिले यी दुवै अध्यायादेश राष्ट्रियसभामा पेश भएका छन् ।

सरकारले महिला हिंसा नियन्त्रण गर्नका लागि विभिन्न प्रयास गरिरहेको छ । तर सोचे अनुरूप महिला हिंसा भने नियन्त्रण हुन सकेको देखिँदैन । "संविधान र कानूनमा महिलाका हकको राम्रो व्यवस्था गरिएको छ"–महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री जुरीकुमारी महतोले भनिन्–"संविधान र कानूनको प्रभावकारी कार्यान्वयन हुन नसक्दा महिला हिंसा न्यूनीकरण हुन सकेन, यस विषयमा हामी धेरै चिन्तित छौं ।" मन्त्रालयले लैङ्गिक हिंसा न्यूनीकरणका लागि लैङ्गिक समानता नीति लागू गरेको छ । तीनै तहका सरकारले त्यसको कार्यान्वयन गर्ने व्यवस्था गरेको छ । "महिला समानता र सशक्तीकरणका लागि शिक्षा र आर्थिक पक्ष बलियो बनाउन जरूरी छ"–मन्त्री महतोले भनिन्–"शुरूमैं महिला हिंसा हुन नदिनका लागि अभियान नै सञ्चालन गर्ने तयारी छ ।"

पछिल्लो समयमा राजनीतिक ओहदामा रहेका महिलाले समेत हिंसाको सामना गर्नुपरेको दुःखद अवस्था छ । नेपालको संविधानको रक्षक राष्ट्रपति विद्यादेवी भण्डारी र राष्ट्रियसभा सदस्य कोमल ओलीलाई राजनीतिक दलका नेताबाटै चरित्रसँग जोडेर टिप्पणी भयो । नेपालको समग्र राजनीतिक क्षेत्रले यस देशका महिलालाई कसरी हेर्दोरहेछ भन्ने कुरा त यस्ता एकाध घटनाका आधारमैं विश्लेषण गर्न मिल्दैन तर यस्ता टिप्पणीले महिला अधिकार कसरी हनन भएको छ भन्ने विषयमा भने राजनीतिक नेतृत्व सचेत हुनैपर्छ ।

कानून बनाउने र यसको पालना समेत गराउने ठाउँमा रहेका महिलाले समेत न्यायका लागि न्यायालय धाउनुपर्ने अवस्था अझै पनि नेपालमा कायमै छ भने अबोध नागरिकको अवस्था झन् कस्तो होला भनेर पनि सबैले महसूस गर्नुपर्दछ । "सार्वजनिक ओहदामा भएका महिलाले त समाजमा हिंसा भोग्नुपरेको छ" – राष्ट्रिय महिला आयोगका अध्यक्ष कमला पराजुलीले भनिन्–"सामान्य अरू महिला कसरी बसेका होलान्, सहज कल्पना गर्न सकिन्छ ।" जनसङ्ख्याको आधा हिस्सा ओगटेका महिलाका विषयसम्बन्धी दायित्वबाट कोही पनि पन्छिन नमिल्ने र समाजमा पीडितलाई संरक्षण गर्ने र दोषीलाई कारबाई गर्ने वातावरण सिर्जना गर्न जरूरी रहेको उनको बुझाइ छ ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव यामकुमारी खतिवडाले कानूनले महिला सशक्तीकरणका लागि धेरै कार्यक्रम ल्याएको र तुलनात्मकरूपमा महिला आआफ्नो क्षेत्रमा सक्रिय भएर काम गरिरहेको सुनाउँछिन् । "संविधान र कानूनले पनि महिलालाई अधिकार दिएको छ, पहिलाको तुलनामा अहिले महिला आफ्नो अधिकार खोज्ने भएका छन्"–उनले थपिन्–"आफ्नो हक अधिकार खोजेर काममा अग्रसर हुनु पनि महिला सशक्तीकरणको एउटा पाटो हो ।"

नेपालको संविधानको मौलिक हक अन्तर्गत महिला हकको व्यवस्था गरिएको छ । "प्रत्येक महिलालाई लैंङ्गिक भेदभाव विना समान वंशीय हक हुनेछ, राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ" भनी संविधानको मौलिक हकमैं व्यवस्था गरिएको छ । साथै, महिलालाई शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ भनेर पनि संविधानले व्यवस्था गरेको छ । उक्त हकमा कुनै पनि आधारमा शारीरिक, मानसिक, यौनजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानूनबमोजिम दण्डनीय हुने छ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भनी व्यवस्था गरेको छ । तर भएका कानूनको प्रभावकारी कार्यान्वयन हुन नसक्दा महिलाले अहिले पनि आफ्नो अधिकार, समानता र अन्यायका लागि आवाज उठाउनुपर्ने बाध्यता छ ।

यो वर्ष 'महिलाको सुरक्षा, सम्मान र रोजगार : समृद्ध नेपालको आधार' भन्ने नाराका साथ महिला जागरूकता गराउने दिवसकै रूपमा आज नेपालमा पनि मनाइएका छ । राजनीतिक तवरबाट शुरू भए तापनि हाल महिला अधिकार, महिला सशक्तीकरण र समानताजस्ता विषय अन्तर्राष्ट्रिय महिला दिवसका विषय हुने गरेका छन् । यो दिवस सर्वप्रथम सन् १९०९ फेब्रुअरी २८ मा मनाइएको थियो । सन् १९१० मा महिलालाई मत हाल्ने अधिकार सुनिश्चित गर्ने उद्देश्यका साथ यसलाई अन्तर्राष्ट्रिय दर्जा प्रदान गरिएको थियो । सन् २०२१ मा आइपुग्दा विश्वभर १११ औं अन्तर्राष्ट्रिय नारी दिवस मनाइएको छ । यो दिवस मार्च महीनाभर मनाउने गरिएको छ ।

संयुक्त राज्य अमेरिकाको सोसलिस्ट पार्टीले २८ फेब्रुअरी १९०९ मा सर्वप्रथम महिला दिवसको आयोजना गरेको थियो । सोसलिस्ट पार्टीले सन् १९०८ को अन्तर्राष्ट्रिय महिला श्रमिकको आन्दोलनको स्मरणमा २८ फेब्रुअरी १९०९ का दिन महिला दिवस मनायो । यसपछि यो फेब्रुअरीको अन्तिम आइतवारको दिन मनाउन थालियो । सन् १९१० मा सोसलिस्ट इन्टरनेशनलको कोपेनहेगनमा सम्पन्न सम्मेलनमा यसलाई अन्तर्राष्ट्रिय दर्जा प्राप्त भयो । त्यस समय यसको प्रमुख ध्येय महिलालाई मताधिकार दिनु थियो । त्यस समय महिलालाई मत दिने अधिकर कतिपय देशमा थिएन । यसरी महिला समानता र सशक्तीकरण गर्न यो दिवस विश्वभर नै मनाउँदै आइरहेको छ । यसरी विश्वव्यापी मनाउन थालिएको यो दिवसका कारण महिलाको सशक्तीकरणका क्षेत्रमा केही टेवा पुऱ्याए पनि महिलाले अझै आफ्नो अधिकार, न्याय र समानताका लागि भने आवाज बुलन्द गर्नुपर्ने नै देखिन्छ ।

# सुकुम्बासीको नाममा वनको जग्गाको पूर्जा बनाए कारबाई –डिएफओ अहमद

प्रस, निजगढ, २४ फागुन/

डिभिजन वन कार्यालय, बाराका प्रमुख एवं डिएफओ मन्जुर अहमदले सुकुम्बासीको नाउँमा वन क्षेत्रको जमीनको पूर्जा बनाइए वन ऐनको बर्खीलाप हुने र संलग्न जो कोही कानूनी कारबाहीको भागिदारसमेत हुने बताएका छन् ।



निजगढ नपा–१० लालमा वन क्षेत्र अतिक्रमण गरी तारबार लगाएर खानजोत गर्दै स्थानीयहरु । तस्वीरः जीतलाल श्रेष्ठ

सरकारले सुकुम्बासी समस्या समाधान आयोग अन्तर्गत जिल्लामा गठित आयोगले भूमिहीन सुकुम्बासीको हकमा पूर्जा तयार गर्दा वन क्षेत्रको जमीनको परिभाषा वन ऐन नियम, कानूनको अध्यायन गर्न सम्बन्धित पक्षलाई सुझाव समेत दिएका छन् । वन क्षेत्रको जमीन अतिक्रमण गरी बस्दै आएकाहरूले सुकुम्बासी समस्या समाधान आयोगबाट जग्गाधनी पूर्जा पाउने भन्दै गाउँबस्तीमा हल्ला चलाएसँगै विधि, प्रक्रिया, ऐन, कानून मिच्दै वन क्षेत्रको जमीन कसैले त्यसरी उपलब्ध गराए वन ऐन, कानूनको भागिदार हुनेछ भन्दै, डिएफओ अहमदले सचेत गराएका छन् ।

"हामीलाई राजनीतिक पाटो केही थाहा हुँदैन । चासो पनि राख्दैनौं । हाम्रो कार्य वन, वन क्षेत्र लगायतसँग सम्बन्धित कार्यहरूको संरक्षण गर्ने जिम्मेवारी राज्यले दिएको छ । हामी त्यसको पालना गर्छौं"– डिएफओ अहमदले भने ।

भूमिहीनहरूका लागि सुकुम्बासी समस्या समाधान आयोगले मात्रै वन क्षेत्रको जमीन दिन सक्ने कानूनी प्रावधान कहीं कतै नभएको बताउँदै यसरी जमीनको जग्गाधनी पुर्जा दिए बदर हुने मात्रै नभई, यस कार्यमा संलग्न हुने जो कोहीमाथि वन अतिक्रमणविरुद्ध कारबाही हुने वन ऐनमा प्रस्ट उल्लेख गरिएको डिएफओ अहमदले बताए ।

नेपाल सरकारले वन अतिक्रमण नियन्त्रण रणनीति २०६८ लागू गरेको छ । वन अतिक्रमण नियन्त्रण रणनीतिमा संवैधानिक एवं कानूनी व्यवस्थासमेत गरेको छ । उक्त रणनीतिको कार्यविधिमा अतिक्रमण भएको क्षेत्र तुरुन्त खाली गर्ने, हटाउने, सो जमीनलाई पुनः वन क्षेत्र कायम हुने गरी प्रकृति हेरी तारबार, वृक्षारोपण गर्ने, हुर्काउने र संरक्षणका लागि जनसहभागिता जुटाउनेलगायत बुँदा समेटिको छ । व्यक्तिगत, संस्थागत, धार्मिक नाउँमा वर्षौंदेखि अतिक्रमण गरिएको वन क्षेत्रलाई पनि समय दिई खाली गराई वन क्षेत्र कायम गर्ने प्रस्ट भनिएको छ ।

वन क्षेत्रको परिभाषा अनुसार रूख, झाडी, बुट्यान रहेको क्षेत्र मात्र नभई खाली जमीन, नदी उकासलगायत क्षेत्र वन क्षेत्र रहने वन ऐनमा प्रस्ट रहेको डिभिजन वन कार्यालय बाराका प्रमुख एवं डिएफओ मन्जुर अहमद र डिभिजन वन कार्यालय रौतहटका प्रमुख एवं डिएफओ विनोद सिंहले स्पष्ट पारे । त्यसबाहेकको कार्य आयोगले गर्नु–गराउनु परे वन ऐन संशोधन गरी प्रस्ट कार्यविधि तयार गर्नुपर्ने अन्यथा समस्या पैदा हुने उनीहरूले बताए ।

यता सुकुम्बासी समस्या समाधान आयोग बाराका अध्यक्ष अम्बिकाप्रसाद चौलागाईका अनुसार सरकारले भूमि समस्यासम्बन्धी कार्य गर्न आयोगलाई कुनै समस्या नहुनेगरी गठन गरेको बताए ।

# सरोकार मञ्चद्वारा हिन्दू राज्यको माग

प्रस, परवानीपुर, २४ फागुन/

राष्ट्रिय सरोकार मञ्च नेपाल महाराजगंज काठमाडौंले हिन्दू राज्यको माग गरेको छ ।

नेपाल पत्रकार महासङ्घ, पर्साको सभाकक्षमा पत्रकार सम्मेलन गरी हिन्दू राज्य घोषणा गर्नुपर्ने अहिलेको अवस्था आएकोले सोहीबमोजिम हिन्दू राज्य घोषणा गर्नुपर्ने मञ्चका अध्यक्ष अर्जुनसिंह बिष्टले बताए । उनले २०१७ सालको संविधान लागू गर्नुपर्ने, नेपाल सरकारको मातहत रहेको राजदण्ड र श्रीपेंच फिर्ता गर्नुपर्ने, धर्मनिरपेक्षता खारेज गरी धर्मसापेक्ष लागू गर्नुपर्ने, पुरानो अवस्थामा रहेको पाँच विकास क्षेत्र स्थापना गर्नुपर्ने, सङ्घीयता खारेज गर्नुपर्ने, राष्ट्रिय झन्डा र चिह्न यथावत् गर्नुपर्ने माग गरेका छन् ।

अहिलेको राजनीतिक अन्तर्कलह र देशमा मौलाउँदै गएको भ्रष्टाचारले देशको विकास नहुने भन्दै उनीहरूले यस्तो माग गरेको र उनीहरूको मागलाई प्रधानमन्त्री केपीशर्मा ओली समक्ष विज्ञप्ति पठाएर माग गरिएको जानकारी गराइएको थियो । मागहरू पूरा नभए जनताको सक्रियतामा शान्तिपूर्ण जनान्दोलनको तयारीमा रहेको मञ्चले राजनीतिक सम्मेलन र प्रशिक्षण कार्यक्रमलाई पनि तीव्रता दिंदै जाने बताइएको छ ।


# भू–उपग्रहसम्बन्धी अध्ययन गर्न पाँच कम्पनी छनोट

काठमाडौं, २४ फागुन/रासस

नेपालको आफ्नै भू–उपग्रह (स्याटेलाइट) राख्न आवश्यक अध्ययनका लागि पाँच कम्पनी छनोट (सर्टलिस्ट) मा परेका छन् । स्याटेलाइटको अध्ययन गर्न नौ कम्पनीले आशयपत्र बुझाएकोमा नेपाल दूरसञ्चार प्राधिकरणले पाँच कम्पनी छनोट गरेको हो ।

प्राधिकरणले गत मङ्सिरमा पुरानो प्रस्ताव रद्द गरेर भू–उपग्रह स्थापनाको नियमन तथा सुरक्षा, व्यापार र सञ्चालन ढाँचा, नीति तय गर्न नयाँ प्रस्ताव आहवान गरेको हो ।

प्राधिकरणले गरेको माग अनुसार आशयपत्र बुझाएका कम्पनीमध्येबाट पाँच कम्पनी छनोट गरिएको प्राधिकरणका प्रवक्ता मीनप्रसाद अर्यालले जानकारी दिए । उनका अनुसार छनोटमा परेका कम्पनीमा फ्रान्सको युरो कन्सल्ट, दुबईको एस श्री टेल इंक, अमेरिकाको स्पेस पार्टनरसीप इन्टरनेशनल, बेलायतको इकोनिमिक्स लिमिटेड र भारतको



केपीएमजी असुऱ्यानसिटी एन्ड कन्सल्टिङ सर्भिस रहेका छन् ।

प्राधिकरणले गत पुस २७ गते दिउँसो १२:०० बजेभित्र आवेदन दिन सक्ने गरी पुस १ गते उक्त आवेदन खुलाएको थियो । आशयपत्र पेश गरेका कम्पनीबाट छनोट गरेको प्राधिकरणले प्रतिस्पर्धाका आधारमा एक कम्पनी छनोट गर्नेछ ।

चालीस प्रतिशत कम्पनीको योग्यता, ५० प्रतिशत अनुभव र १० प्रतिशत क्षमताका आधारमा कम्पनी छनोट गरिने प्रवक्ता अर्यालले जानकारी दिए ।

उनका अनुसार छनोटमा पर्ने कम्पनीसँग पहिलो चरणमा प्राविधिक र वित्तीय प्रस्ताव माग गरिने छ । उनीहरूबाट आएको प्रस्तावको अध्ययन गरी प्राधिकरणले भू–उपग्रह स्थापनासम्बन्धी आधारभूत कामको जिम्मा दिनेछ । प्रवक्ता अर्यालका अनुसार पहिलो चरणमा छनोट हुने कम्पनीले आवश्यक सम्पूर्ण तयारी गरेपछि भू–उपग्रह स्थापनाका लागि पुनः अर्को कम्पनी छनोट गरिने छ ।

सन् २०२२ भित्र आफ्नै स्याटेलाइट सञ्चालमा ल्याउने भन्दै गत असारमा भू–उपग्रहसम्बन्धी नीति सार्वजनिक गरिएको थियो ।

यस अघि नेपालको आफ्नै स्याटेलाइट राख्नेगरी प्राधिकरणले २०७३ साल असोज २० गते आह्वान गरेको आशयपत्रमा १२ देशका २२ कम्पनीले स्याटेलाइट राख्न रुचि देखाएका थिए ।

अमेरिका, चीन, भारत, थाइल्यान्ड, सिंगापुर, क्यानडा, फ्रान्स, जापान, कोरिया, साउदी अरेबिया, रूस र इजरायलका गरी २२ कम्पनीले नेपालका लागि स्याटेलाइट राखिदिने रुचिसहित प्रस्ताव पेश गरेका थिए ।

दूरसञ्चार सेवा प्रदायक रेडियो तथा टेलिभिजन विदेशी स्याटेलाइटबाट सञ्चालित हुँदै आएकोमा आफ्नै स्याटेलाइट जडान गरेर रेडियो तथा टेलिभिजन सञ्चालन गर्ने सरकारको लक्ष्य छ ।

# महिला उद्योगीसँग निफको अन्तर्क्रिया

प्रस, परवानीपुर २४ फागुन/

नेपाली युवा उद्यमी मञ्च –एनवाइइएफ (निफ) वीरगंज अध्यायले



१११ औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा 'महिला उद्यमीको यात्रा – चुनौती र अवसर' विषयक अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरेको छ ।

वीरगंज उद्योग वाणिज्य सङ्घको सभाहलमा भएको कार्यक्रममा विभिन्न चरणमा वीरगंजका महिला उद्यमीहरूसँग उनीहरूले गरेको सङ्घर्ष, भोगाइ तथा अनुभवबारे प्यानल छलफल गरिएको थियो । निफ वीरगंज च्याप्टरका अध्यक्ष अनुप अग्रवालको अध्यक्षता तथा आशु सर्राफको सहजीकराणमा सम्पन्न कार्यक्रममा वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष गोपाल केडिया, प्राध्यापक डा. सुषमा तिवारी द्विवेदी, डा. मधु गुप्ता, डा. प्रीति यादव, नूतन सरावगी, कृति अग्रवाल, शिल्पा अग्रवाल, पवनदीप हरलालका, सञ्चारकर्मी विमला गुप्तालगायतबीच अन्तर्क्रिया चलेको थियो ।

उनीहरूले कुनै न कुनै उद्योग–व्यवसाय गरी पछिल्लो समय वीरगंजमा आफ्नो पहिचान बनाएका छन् । महिलाहरूलाई आगामी दिनमा उद्यमी बन्न कसरी योजनागतरूपमा अघि बढ्दा सहज हुन्छ भन्ने विषयमा पनि सुझावहरू दिइएको थियो ।

# आगामी शताब्दीका भविष्य कथन

**विश्व शान्तितर्फ अग्रसर**

'द गार्जियन विकली' इङ्ल्यान्डबाट प्रकाशित एउटा मान्यताप्राप्त प्रख्यात समाचारपत्र हो। त्यसको २ अप्रिल १९८९ को अङ्कमा लेखिएको छ द्वितीय विश्वयुद्धपछि ४० वर्ष बित्यो एवं छिटपुट लडाईंको अतिरिक्त विश्वस्तरमा कुनै महायुद्ध अहिले भएको छैन, अपितु विश्व शान्तिको माहौल पूरै धरित्रीमा तीव्रताले बढेको छ।

**तनाव कम भएपछि शान्ति आउँछ**
– हुआन जियाङ

बेइजिङ (चीन)को अन्तर्राष्ट्रिय अध्ययन केन्द्रका निर्देशक हुआन जियाङले भनेका थिए भविष्यमा विश्व स्तरमा दीर्घकालिक शान्ति व्याप्त रहने सम्भावना छ। अब रुस र अमेरिका दुवै महाशक्तिले हतियारको राशि बढाउने चरम सीमामा पुगेर सन्धि गरिसकेका छन्। रुसले आफ्नो मिसाइल नष्ट पनि गरेको छ तथा आर्थिक मजबुतीमा गरीबी उन्मूलनमाथि ध्यान दिन शुरू गरेको छ। अहिलेको युग सहप्रतिस्पर्धाको युग हो। जसमा प्रत्येक व्यक्ति शान्ति व्यवस्था कायम गर्न जुटेको छ। सबैले यो कुरा बुझ्न थालेका छन् कि युद्ध कुनै समस्याको हल होइन।

**भारतको कारण अध्यात्म जीवित छ** – स्वा. आत्मानन्द

रामकृष्ण मिशन रायपुरका स्वामी आत्मानन्दजीले इन्दौरमा एउटा प्रवचन मालामा भनेका थिए– भारतीयहरूको रौंरौंमा धर्म संव्याप्त छ। दुनियाँको हरेक देश आज सच्चा अध्यात्मको खोजीमा छ। नैतिक मूल्यमा ह्रासको कारण त्यो शान्ति भारतीय अध्यात्ममा पाइन्छ यसैले सबै धर्मको वकालत गर्न थालेको छ। आगामी दिनमा भारत नै विश्वको मार्गदर्शक राष्ट्र हुनेछ।

**भारतसम्बन्धी मान्यतामा ठूलो परिवर्तन**

## युग परिवर्तन कसरी र कहिले

अहिलेसम्म गरीबी, साँप, फकिर मात्रका प्रतीक मानिने भारतको सम्बन्धमा अमेरिकीहरूको चिन्तनमा ठूलो परिवर्तन आएको छ। संस्कृतिसम्बन्धी शोधपछि अमेरिकाको प्राच्यविद् यस निष्कर्षमा पुगेका छन् कि भारत नै सबै संस्कृतिको मूल हो। स्कूल र कलेजको पाठ्यक्रम यस वर्षदेखि बदलिँदै छ तथा भारतको उपलब्धिमाथि प्राध्यापक जुलियन हिलौकद्वारा एउटा टिभी सिरियल र पाठ्यक्रम बनाइएको छ 'पेसेजेस टु इन्डिया'। यो बदलिंदो विश्व चिन्तनको विचारधाराको प्रतीक हो।

**भारत दुनियाँको मुकुटमणि बन्नेछ**
– एडमन्ड हिलारी

शेर्पा तेन्जिङका साथ सगरमाथाको प्रथम विजेता एवं सम्प्रति भारतमा न्युजिल्यान्डको उच्चायुक्त सर एडमन्ड हिलारीले भारतको सांस्कृतिक परिवेशबाट आफ्नो तादात्म्यताको परिचय दिंदै भनेका थिए विश्वको यो सबैभन्दा ठूलो लोकतान्त्रिक देश चुनौतीलाई स्वीकार गर्ने क्षमता राख्छ। आफ्नो सांस्कृतिक विरासतको बलबुताले भारत विश्वको महाशक्तिको रूपमा विकसित हुनेछ। भारतले हतियार घटाएर नैतिकताको क्षेत्रमा अगुवाइ गर्नेछ

यो भविष्यवाणी सन् १९६२ मा शान्तिको लागि नोबेल पुरस्कार प्राप्त श्री लिनिस पोलिङले गरेका हुन्। आइसिसिआरले प्रकाशित गरेको उनको पुस्तक साइन्स एन्ड वर्ल्ड पिसमा उनले लेखेका छन् यद्यपि पछिल्लो दुई दशकमा भारतले सैन्य शक्ति बढाएको छ तर त्यो अब क्रमशः अस्त्र र सुरक्षा बललाई घटाएर अन्यान्य राष्ट्रको मात्र नेतृत्व गर्ने छैन नीति एवं विवेकशीलताको क्षेत्रमा पनि बाँकी विश्वको नेतृत्व गर्नेछ।

**रुसको भारतीय संस्कृतिप्रति रुझान**

सोभियत नागरिकमा भारतीय संस्कृति, धर्म, दर्शनसम्बन्धी साहित्य अहिले निकै माग बढेको छ। विशेषरूपले रामायण र महाभारतमा मानिसले निकै रुचि लिएका छन्। ज्ञान मीमांसा, तत्वदर्शनको पुस्तकमा रुसी अनुवाद पनि पछिल्लो एक वर्षमा निकै सङ्ख्यामा छापिएको छ। सोभियत विज्ञान एकेडेमीको प्राच्यविधा विभागका प्रमुख तात्याना एलिसान्टेन्कोवा भारत आइन् र यो जानकारी उनले भारतवासीलाई दिएकी थिइन्।

**भारत विश्वयुद्धको सम्भावनालाई निरस्त गर्नेछ**

सुप्रसिद्ध 'मय' सभ्यता (अमेरिका)का ज्योतिर्विद्हरूले सन् २०२० सम्मको आफ्नो क्यालेन्डर तयार गरेका थिए। उनको लिपिको अध्ययन गरी 'ला फिन डु मोन्डे' शीर्षकबाट एउटा पुस्तक मोरिस चैटलिनले प्रकाशित गरेका छन् जसमा चर्चा छ कि सन् १९९९ आउनेबित्तिकै विश्वको परिस्थिति विषम हुनेछ। विश्व युद्धको परिस्थिति बन्नेछ। तर भारतबाट उदाउने आध्यात्मिक चेतनाले त्यसलाई निरस्त गर्नेछ। यहाँ स्मरणयोग्य कुरा हो कि 'मय' सभ्यता चिरपुरातन आर्य संस्कृतिको नै एउटा अभिन्न अङ्ग रहेको छ एवं त्यसको ध्वंसावशेषमा नृतत्ववेत्ता भारतीय संस्कृतिको चिह्न नै पाइन्छ।

**संसारलाई भारत आवश्यक छ**
– महर्षि अरविन्द

आफ्नो निर्माणभन्दा केही दिन पहिले श्री अरविन्दले भनेका थिए– भारत नष्ट हुन सक्दैन। किनभने सम्पूर्ण मानव जातिको भविष्यको लागि भारत सर्वाधिक आवश्यकता हो। आगामी दिनमा भारतवर्षबाट नै सम्पूर्ण संसारको धर्म निस्किन्छ। यो शाश्वत सनातनधर्म जुन सबै धर्ममा विज्ञान र दर्शनमा समन्वय गर्नेछ र मानव जातिलाई एउटा फन्डाको तल उभ्याउने छ। नैतिक क्षेत्रमा अहिले भारतलाई मानव जातिको म्लेच्छता, गँवारूपन एवं अशिष्टता मेटाएर सम्पूर्ण संसारलाई आर्य बनाउनुपर्नेछ र यस कार्यको लागि भारतवासी सर्वप्रथम आफूलाई उभ्याउने छ एवं परिवर्तनको चक्र पूरै विश्वमा फैलाउने छ।

> **नैतिक क्षेत्रमा अहिले भारतलाई मानव जातिको म्लेच्छता, गँवारूपन एवं अशिष्टता मेटाएर सम्पूर्ण संसार लाई आर्य बनाउनुपर्नेछ र यस कार्यको लागि भारतवासी सर्वप्रथम आफूलाई उभ्याउने छ एवं परिवर्तनको चक्र पूरै विश्वमा फैलाउने छ।**

**अन्तर्राष्ट्रिय..........**

नपाएको बताए। उनीहरूले दलित अधिकारको लागि महिलाहरू पनि जागरुक हुनुपर्ने र अगुवाइ गर्नुपर्ने निष्कर्ष निकालेका थिए। सहभागीहरूले स्थानीय तहको सबै वडाहरूमा अहिले दलित महिला सदस्यहरू निर्वाचित भएकाले उनीहरूको सक्रियताले दलित महिलाहरूको उत्थान हुने जिकिर गरे।



तस्वीरः प्रतीक/निजगढ

**प्रस, पचगाँवा/**

पटेर्वासुगौली गाउँपालिकाले अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा अन्तर्क्रिया तथा सम्मान कार्यक्रम गरेको छ। पटेर्वासुगौली गापा–४ नेरामावि सुगौली दापको प्राङ्गणमा भएको कार्यक्रमको अध्यक्षता वडाध्यक्ष राजेश्वर महतोले गरेका थिए।

कार्यक्रममा गापा उपाध्यक्ष ममता महतो, प्रमुख प्रशासकीय अधिकृत भुजेन्द्रप्रसाद यादव, प्रधानाध्यापक मोहन दास, सामाजिक विकास शाखा प्रमुख राजकुमार महतो, शिक्षा अधिकृत शम्भु साह, प्राविधिक रामबाबुराय यादवलगायतले महिला हिंसा, दाइजोप्रथा, बाल विवाह, बाल श्रम शोषणजस्ता सामाजिक कुरीतिविरुद्ध मन्तव्य दिएका थिए।

कार्यक्रममा महिला स्वास्थ्यकर्मी, छात्रा, गृहिणीलगायतलाई सम्मान गरिएको थियो।

**प्रस, पोखरिया/**

पोखरिया नगरपालिकाले नारी दिवसको अवसरमा त्याली आयोजना गर्नुका साथै विभिन्न क्षेत्रका महिलाहरूलाई सम्मान गरेको छ।

जिल्ला उच्चाङ्ल रामदेव कलवार आधारभूत प्राविधिक विद्यालयबाट निस्केको त्याली नगर परिक्रमा गरी पोखरिया नगरपालिका अगाडि कार्यक्रम गरेर समापन भएको थियो। कार्यक्रममा पोखरिया नगरपालिकाका नगरप्रमुख दीपनारायण रौनियार, उपप्रमुख सलमा खातुनले १६ जना स्वास्थ्यकर्मी, ५ जना छात्रा र २ जना महिला प्रहरीलाई दोसल्ला ओढाएर सम्मान गरेका थिए।

कार्यक्रमको अध्यक्ष उपप्रमुख खातुनले आगामी वर्षदेखि उपमेयर छात्रवृत्ति योजना सञ्चालनमा ल्याउने घोषणा गरिन्। उनले कक्षा १० का ५ जना, कक्षा ११ का ३ जना, कक्षा १२ का ३ जना र कक्षा १२ मा नगर उत्कृष्टलाई नगदसहित पुरस्कृत गरिने बताइन्।

कार्यक्रममा वडाध्यक्ष लक्ष्मण साह कानु, प्रहरी निरीक्षक दीपक थापा, प्रसनि पूजा मिश्र, निमित्त प्रशासकीय अधिकृत विजय झा, पत्रकार धर्मेन्द्र चौरसियालगायतले मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रमको सहजीकरण नरेन्द्र साहले गरेका थिए।

**प्रस, निजगढ/**

१११ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा सोमवार निजगढमा प्रभातफेरी कार्यक्रम सम्पन्न भएको छ। कार्यक्रमकी प्रमुख अतिथि पार्टी जिल्ला कमिटी सदस्य एवं निजगढ नगर उपप्रमुख लीलादेवी लामिछाने रहेकी थिइन्। "प्रत्येक महिला श्रमिक हुन्। महिलाहरूको जहाँ सम्मान, इज्जत गरिँदैन, त्यहाँ विकासको गतिले निरन्तरता पाउन सक्दैन"–प्रमुख अतिथि लामिछानेले भनिन्। महिलाहरू आफ्ना जायज हक, अधिकार प्राप्तिका लागि सङ्गठित हुनुपर्ने बताउँदै अब चुलो चौकामा मात्रै सीमित हुनुहुँदैन। सीप, ज्ञान आर्जन गरी आर्थिक पाटो बलियो बनाउन उनले आग्रह गरिन्। महिलाहरूको एकताले मात्रै संविधानले दिएको अधिकार कार्यान्वयन हुने धारणा राख्दै महिलाहरू माथि हुने हरेक खालका विभेद, हिंसाविरुद्ध बैलैमा आवाज उठाउनसमेत उनले सबैलाई आग्रह गरिन्।

कार्यक्रममा पार्टीका नेताहरू रविराज दंगाल, एकबहादुर श्रेष्ठ, सन्तोष दंगाल, राजु आचार्य, चण्डिका सापकोटा, दिपिका शाह, सम्झना थापालगायतले मन्तव्य राखेका थिए। अखिल नेपाल महिला सङ्घ निजगढ नगर कमिटी अध्यक्ष लक्ष्मी गौतमको सभाध्यक्षतामा गरिएको कार्यक्रमको सञ्चालन धन लामाले गरेकी थिइन्।

त्यसैगरी मेची–महाकाली बुहारी संयुक्त आवाज निजगढले पनि १११ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस निजगढमा मनाएको छ। सो कार्यक्रमकी प्रमुख अतिथि निजगढ नगर उपप्रमुख लीलादेवी लामिछाने थिइन् भने संस्थाका उपाध्यक्ष सगुन लामाले स्वागत गरेकी थिइन्। संस्थाकी अध्यक्ष सावित्री तिमल्सिनाको सभाध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन उषा थापा र शान्ति लामाले गरेका थिए। शहीद चोकबाट निस्केको त्याली राजमार्ग हुँदै बुद्ध चोकको परिक्रमा गरी पुनः शहीद चोक पुगी सभामा परिणत भएको थियो।

**प्रस, ठोरी/**

अन्तर्राष्ट्रिय नारी दिवसको अवसर पारेर पर्साको ठोरी गापा –४ मा सोमवार प्रभातफेरी सम्पन्न भएको छ। आशिष सामाजिक सेवा, नेपालको आयोजना तथा ठोरी गापा–४ मा सञ्चालित माध्यमिक विद्यालय, विजयबस्ती र ज्ञानज्योति मावि, घ्याङडाँडा एवं प्रगतिशील नारी समूह, विशाल चोक विजयबस्ती नारी समूह, विजयबस्ती र लौ न अब केही गरौं नारी समूह, स्याउलेबस्ती समेतको सक्रिय सहभागितामा आयोजित प्रभातफेरी विशाल चोकबाट शुरू भएर मिलचोक–गुम्बालाइन–विजयबस्ती चोक हुँदै विशाल चोक पुगी कोणसभामा परिणत भएको थियो।

प्रभातफेरीका सहभागीहरूले आधा जनसङ्ख्या ओगट्ने महिलाको अधिकार सुनिश्चित गर, महिला पुरुष एक समान, बदलिंदो विचार बदलिंदो समाज, नारी शक्तिलाई कमजोर सम्झिनु पुरुषप्रधान समाजको विकृत मानसिकता होजस्ता महिला हकहितका नारा लेखिएका प्लेकार्ड बोकेर प्रदर्शन गरेका थिए।

प्रगतिशील नारी समूह, विशालचोककी अध्यक्ष दुर्गामाया श्रेष्ठको सभापतित्व तथा ठोरी गापा–४ का वडा अध्यक्ष बैबहादुर तामाङको प्रमुख आतिथ्यमा सम्पन्न भएको कोणसभामा साबिक निर्मलबस्ती गाविसका पूर्व अध्यक्ष लालबहादुर श्रेष्ठ, नेपाली काङ्ग्रेस पर्सा जिल्ला कार्य समितिका सदस्य रामबहादुर श्रेष्ठ, नेकपा ठोरी गाउँ कार्य समितिका अध्यक्ष खगेन्द्र श्रेष्ठ, ठोरी गापा–४ की वडा सदस्य धनमाया विक, ज्ञानज्योति मावि घ्याङडाँडा विव्यसका अध्यक्ष राकेश श्रेष्ठ, मावि विजयबस्तीका प्रअ नारायण लामा, वडा सदस्य तेजबहादुर श्रेष्ठ, देउराली सहकारी संस्थाकी सदस्य गोमा उपाध्याय, दलित मुक्ति मोर्चाका हरिबहादुर सुनारलगायत अतिथि थिए।

प्रगतिशील नारी समूहकी सदस्य एवं शिक्षिका पार्वती तामाङले सहजीकरण गरेको कोणसभालाई सम्बोधन गर्दै प्रमुख अतिथि बैबहादुर तामाङले महिलाहरू आफ्नो अधिकारप्रति सचेत हुनुपर्ने बताएका थिए भने अर्का वक्ता लालबहादुर श्रेष्ठले आफ्नो अधिकार प्राप्तिका लागि महिलाहरू सम्बन्धित निकायसम्म पुग्नुपर्ने बताएका थिए।

आशिष सामाजिक सेवा विशाल चोकका संयोजक रोशन सुनुवारले सहभागी सबैलाई धन्यवाद दिँदै नारी अधिकारका लागि आफ्नो संस्था सदैव लागिपर्ने बताए। रामबहादुर श्रेष्ठले पनि महिलाहरू सचेत हुनुपर्ने बताए। मावि विजयबस्तीका प्रअ नारायण लामाले महिलाहरू आफू शिक्षित भई अधिकार लिनुपर्ने कुरामा जोड दिएका थिए।

# एमालेको पर्सा जिल्ला कार्यालय सञ्चालन

प्रस, वीरगंज, २४ फागुन/

नेकपा एमालेको पर्सा जिल्ला पार्टी कार्यालय सोमवारदेखि सञ्चालनमा आएको छ। सर्वोच्च अदालतले एमाले र माओवादी केन्द्रलाई पूर्ववत् अवस्थामा रहेको फैसला गरेपछि एमाले पार्टी कार्यालय पूर्ववत् सञ्चालन गरिएको हो।



तस्वीरः प्रतीक
कार्यालयमा बोर्ड राख्दै एमालेका नेता कार्यकर्ता। तस्वीरः सौजन्य

वीरगंज रामगढवा मनमोहन नगरस्थित एमाले पार्टी कार्यालयमा ओली पक्षका नेता कार्यकर्ताहरूले औपचारिक कार्यक्रम गरेका थिए। पार्टी जिल्ला कमिटीका वरिष्ठ सदस्य गोकर्ण पाठकको अध्यक्षतामा भएको कार्यक्रममा नेकपा छँदाको ओली पक्षधर नेता कार्यकर्ताहरूका साथै अदालतको आदेश पछि प्रचण्ड–माधव पक्षबाट फर्किएका नेता कार्यकर्ताहरूको पनि सहभागिता थियो।

कार्यक्रमका मुख्य अतिथि एवं सो पार्टी पर्साका नेता तथा संविधानसभा सदस्य राजकुमार गुप्ताले अदालतको फैसलाको स्वागत गर्दै त्यसको कार्यान्वयन गरिने बताए। गुप्ताले दल विभाजन भएपनि हिजोका माओवादी केन्द्रबाट आएका नेता कार्यकर्ताहरूलाई योग्यता र क्षमताको आधारमा सम्मानजनक जिम्मेवारी दिइने भन्दै बाटो बिराएर अन्यत्र गएकाहरूलाई पनि फर्कन आग्रह गरे। सो अवसरमा माओवादी केन्द्रको टिकटबाट छिपहरमाई गाउँपालिका अध्यक्षको चुनाव जितेका मनोज गुप्ताले आफू एमालेमा नै रहने बताए। "मलाई अध्यक्ष पदको परवाह छैन। राष्ट्रियता र जनजीविका साथै मधेसको विकासका लागि ओलीको विकल्प नरहेकोले म ओली कै नेतृत्वमा रहन चाहन्छु"–अध्यक्ष गुप्ताको कथन थियो।

त्यसैगरी अदालतको फैसला अघि माधव–प्रचण्ड समूहमा रहेका जिल्ला कमिटी सदस्य गङ्गाबहादुर खड्काले आफू पुरानै घर फर्किएको घोषणा गरे। कार्यक्रममा सो पार्टी प्रदेश कमिटीका सदस्य तेजप्रकाश निषाद, प्रेस सङ्गठनका नेता महेश दास, केसी लामिछाने, श्याम बञ्जारा, अनुप तिवारी, सञ्जीव मिश्रलगायतले शुभकामना व्यक्त गरेका थिए।

तत्कालीन नेकपा एमालेको स्वामित्वमा रहेको जिल्ला पार्टी कार्यालय पार्टी एकीकरणपछि नेकपाले प्रयोग गर्दै आएको थियो। पछिल्लो समय ओली र माधव–प्रचण्ड समूह विभाजन भएपछि कार्यालयमा दुवै समूहले ताला लगाएका थिए।

# ज्ञानदाद्वारा महिला व्यक्तित्वको सम्मान


तस्वीरः सौजन्य

प्रस, वीरगंज, २३ फागुन/

अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा ज्ञानदा एकेडेमीले विभिन्न क्षेत्रमा आबद्ध महिलाहरूलाई सम्मान गरेको छ।

सोमवार कार्यक्रमको आयोजना गरी विद्यालयका प्रअ सिबी जदलीले वीरगंज उपमहानगरका उपप्रमुख शान्ति कार्की, पोखरियाको उपप्रमुख सलमा खातुन, डा लक्ष्मी थापा, सानो पाइलाकी तस्वीरन खातुन, नेपाल प्रहरीकी मुन्नी शर्मा, मीना बादल, सरकारी अधिकृत मीरा प्रधान, रम्भा मिश्र, पत्रकार सुषमा शर्मा, कविता खड्का, विभिन्न सामाजिक संस्थाका चञ्चला दास, पल्लवी हरलालका, डा सुषमा तिवारी, शिखा रञ्जन, शोभा शर्मा, सीमा वर्णवाल, भारतोलक नीता थापा, नूतन सरावगी, अफसाना खातुन, ज्योतिराज गुप्ता, कवयित्री अनिता शाहलाई सम्मान गरेका थिए।

कार्यक्रमको सहजीकरण मयङ्क कश्यप र धन्यवाद नूतन पोद्दार सरावगीले गरेका थिए।

# लालगढका ६ वटा होटललाई कारबाई

प्रस, परवारनीपुर, २४ फागुन/

प्रशासनले धनुषाको लालगढमा सञ्चालित ५ वटा होटललाई कारबाई गरेको छ। वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, वीरगंजको नेतृत्वमा भएको अनुगमनमा उपभोक्ता ऐन २०७५ विपरीत गतिविधि गरेको पाइएकोले उनीहरूलाई कारबाई गरिएको कार्यालयका सूचना अधिकारी दिलीपखड्ग खत्वेले जानकारी गराए।

अनुगमन टोलीले मूल्य सूची नराखेको सुजना होटल तथा गेस्ट हाउसलाई ५० हजार, दिदीभेना होटललाई ५० हजार, हाइवे होटललाई ५० हजार, खरीद बिल नदेखाएकोले रिया कोल्ड स्टोर्सलाई ५ हजार, मूल्य सूची नराखेको होटल ग्रीन हाउसलाई ५० हजार, लालगढ थकाली भान्सा घरलाई ५० हजार गरी कुल २ लाख ५५ हजार तत्काल जरिवाना गरिएको थियो। उपभोक्ता ऐन २०७५ को दफा ३८ बमोजिम कारबाही गरी

(बाँकी अन्तिम पातामा)

# अन्तर्राष्ट्रिय समाचार

## कोरियामा काम गर्ने नेपालीलाई कम्पनी परिवर्तन गर्न सहज

सोल, २४ फागुन (रासस

दक्षिण कोरियामा रोजगारदाताले आवासको राम्रो प्रबन्ध गर्न नसके प्रवासी सङ्गठनले आवासको राम्रो व्यवस्थासहित इपिएस प्रणालीमा सुधार गर्नुपर्ने भन्दै सरकारलाई दबाब दिँदै आएको थियो। पहिलो कार्याविधिमा तीनपटक र दोस्रो सम्झौतामा दुईपटक गरी पाँच वर्षे कार्यकालमा पाँच पटकसम्म कार्यस्थल



श्रमिकले कार्यस्थल परिवर्तन गरी आफ्नो इच्छा अनुसारको कम्पनीमा जान पाउने भएका छन् ।

रोजगारदाताले फिनिल ग्रीनहाउस (प्लास्टिकले बारेका घर)मा बनाइएको अस्थायी वासस्थानजस्ता निम्नस्तरको आवासमा राखेमा प्रवासी कामदारले आफूखुशी काम गर्ने ठाउँ परिवर्तन गर्न पाउने नियम यहाँको श्रम तथा रोजगार मन्त्रालयले लागू गरेको छ ।

गत डिसेम्बरमा ग्रीनहाउस आवासमा राखिएकी एक कम्बोडियन श्रमिकको चिसोका कारण मृत्यु भएपछि श्रमिक

मन्त्रालयले सम्बन्धित सरकारी निकायसँग सहकार्य गरेर रोजगार अनुमति प्रणाली (इपिएस) अन्तर्गत कोरियामा काम गरिरहेका विदेशी नागरिकको जीवनस्तरमा सुधार गर्न अन्य तयारीसमेत गरेको बताएको छ। यसका साथै अत्यन्तै न्यूनस्तरको आवास प्रदान गर्ने कम्पनीमा काम गर्ने प्रवासी कामदारले आफ्नो कार्यस्थल बदल्न अनुमति दिनुका साथै त्यस्ता कम्पनी मालिकलाई विदेशी कामदार राख्न प्रतिबन्ध लगाइने नियम ल्याइएको छ ।

हाल प्रवासी कामदारलाई उनीहरूको परिवर्तन गर्न पाउने अधिकार दिइएको छ। यसका लागि कम्पनी परिवर्तन गर्न रोजगारदाताको अनुमति अनिवार्य छ।

कम्पनी परिवर्तन गर्ने इपिसएस कामदारले पाँच वर्षे कार्यकाल सकेपछि पुनः कोरियामा रोजगार गर्न चाहेमा भाषा परीक्षा पुनः दिनुपर्नेलगायत प्रावधान पनि राखिएको छ ।

रोजगारदाताले कुटपिट, यौन दुर्व्यवहार, अमानवीय व्यवहार गर्ने तथा तलब दिन ढिलाइ गर्नेजस्ता गल्ती प्रमाणित भए श्रमिकले आफूखुशी कार्यस्थल परिवर्तन गर्न पाउने नियम छ।

## दक्षिण कोरिया, अमेरिकाबीच सैनिक खर्चमा सहमति

सियोल, २४ फागुन/एएफपी/रासस

दक्षिण कोरिया र संयुक्तराज्य अमेरिकाबीच कोरियाली द्वीपमा रहेका अमेरिकी सेनाका लागि हुने खर्चमा दक्षिण कोरियाको योगदानका विषयमा सहमति भएको छ। यी दुवै मुलुकबीच संयुक्त सैन्य अभ्यासको तयारी हुनै लाग्दा यस्तो सहमति भएको हो ।

अमेरिकी पूर्व राष्ट्रपति डोनाल्ड ट्रम्पले दक्षिण कोरियामा तैनाथ हुने अमेरिकी सेनाको व्यवस्थापनका लागि थप रकम व्यवस्था गर्न दबाब दिएका थिए ।

आणविक हतियारधारी उत्तर कोरियाबाट दक्षिण कोरियालाई सुरक्षित राख्न अमेरिकाले हाल २८ हजार ५०० सैनिक तैनाथ राखेको छ ।

उत्तर कोरियाले सन् १९५० मा दक्षिण कोरियामाथि धावा बोल्नुका साथै केही समय नियन्त्रणमा लिएको थियो ।

पूर्व राष्ट्रपति ट्रम्प प्रशासनले सैनिक बन्दोबस्तका लागि दक्षिण कोरियाले वार्षिक पाँच अर्ब डलर बुझाउनुपर्ने कडा शर्त राख्दै आएको थियो । यो रकम वृद्धि झन्डै पाँच गुणा बढी हो ।

सन् २०१९ मा समाप्त भएको विगतकै सम्झौताबमोजिम दक्षिण कोरियाले वार्षिक ९२ करोड डलर भुक्तानी गरिरहेको छ । कोरियाली विदेश मन्त्रालयले दुवै मुलुकबीच सैद्धान्तिक सहमति भइसकेको जनाएको छ, तर रकमबारे केही उल्लेख छैन ।

अमेरिकासँग भएको सम्झौतालाई दक्षिण कोरियाली संसद्ले अनुमोदन गर्नु पर्नेछ। अमेरिकी राष्ट्रपति जो बाइडेनले रूस, चीन, इरान र उत्तर कोरियाबाट सिर्जित चुनौतीसँग लड्न अमेरिकाका पूर्ववर्ती साझेदार मुलुकहरूसँग सम्बन्ध पुनर्जीवित गर्ने यस अघि नै बताइसकेका छन् ।

अमेरिकी विदेश मन्त्रालयबाट गरिएको ट्वीटमा पनि अमेरिकी गठबन्धनलाई अझ सुदृढ गरिने उल्लेख गरिएको छ । तर ट्वीटमा दक्षिण कोरियाले कति रकम अमेरिकालाई भुक्तानी गर्दैछ भन्ने उल्लेख गरिएको छैन ।

सम्झौता भएलगत्तै सोमवारदेखि नै वार्षिक संयुक्त सैन्य अभ्यास शुरू भएको छ । तर कोरोना भाइरस महामारीका कारण यस सैन्य अभ्यासलाई सानो बनाइएको छ, र व्यापक सैन्य उपस्थिति र भारी हातहतियार रहने छैनन् ।

दक्षिण कोरियाका प्रधान सेनापतिले अमेरिका र कोरियाली सैन्यबीच कम्प्युटर-सिमुलेटेड कमान्ड पोस्ट अभ्यास हुन लागेको जानकारी दिए ।

## यमनको आप्रवासी शिविरमा आगलागी: आठजनाको मृत्यु

दुबई २४ फागुन/सिन्हवा

यमनको राजधानी शहरस्थित एक आप्रवासी शिविरमा भएको आगलागीमा परी आइतवार कम्तीमा पनि आठ आप्रवासीको ज्यान गएको बताइएको छ। त्यस शिविरमा भएको आगलागीमा उक्त शिविरका सुरक्षा गार्डहरू पनि परेको बताइएको छ ।

यस क्रममा अरू केही सङ्ख्यामा घाइते भएका पनि अन्तर्राष्ट्रिय आप्रवासन सङ्गठनले जनाएको छ ।

यस आगलागीमा परी आठ व्यक्तिको मृत्यु भएको पुष्टि गरियो र मृत्यु हुनेहरूको सङ्ख्या अझ धेरै हुन सक्ने बताइएको छ। सो कुरा आप्रवासी अन्तर्राष्ट्रिय सङ्गठनको मध्यपूर्व र उत्तर अफ्रिकाका क्षेत्रीय निर्देशक कार्मेला गोडेउले जानकारी दिएका हुन् ।

उनले सोमवार आफ्नो ट्वीटरमार्फत सो कुराको जानकारी दिएका हुन् । आइओएमले विशेषगरी आपत्कालीन स्वास्थ्य सेवा उपलब्ध गराइरहेको पनि बताएको छ ।

त्यस आगलागीमा परी कम्तीमा पनि १७० जना घाइते भएका छन् । तीमध्ये केही गम्भीर घाइते भएका छन् । सो आगलागी के कसरी भएको हो भन्ने कुरा थाहा भएको छैन। यमनमा गएका केही वर्षदेखि हिंसा जारी छ। यस हिंसामा परी दशौं हजार नागरिकको ज्यान गएको छ। यस हिंसाका कारण यमन विश्वमा नै सबैभन्दा धेरै मानवीय सहायता आवश्यक पर्ने देशका रूपमा रहेको संयुक्त राष्ट्रसङ्घले बताएको छ। रासस

## कारबाईका क्रममा दश जना तालिबानी मारिए

अफगानिस्तान २४ फागुन/सिन्ह्वा

अफगानिस्तानको दक्षिणी हेल्मन्ड प्रान्तमा यहाँको राष्ट्रिय सेनाले गरेको कारबाईमा परी कम्तीमा पनि १० जना तालिबानी लडाकूको मृत्यु भएको जनाइएको छ। अफगानिस्तानमा विगत लामो समयदेखि हिंसा मचाइरहेका तालिबानीहरूले सरकारी सम्पत्ति र सर्वसाधारणमाथि गर्ने गरेको आक्रमण जारी नै रहेको बताइएको छ ।

सोमवार दिइएको जानकारी अनुसार यहाँको दक्षिणी हेल्मन्ड प्रान्तको नार ए सरओज जिल्लाका दुई स्थानमा सेनाले कारबाई गरेको थियो। त्यस कारबाईका क्रममा परी ती व्यक्तिको निधन भएको बताइएको छ। अफगानिस्तानमा हिंसाको अनुगमन गरिरहेको संस्था रिडक्सन इन भायलेन्स (आरआइभी) ले सोमवार सो जानकारी दिएको छ।

त्यसैगरी हेल्मन्ड प्रान्तको प्रान्तीय प्रहरी कार्यालयले जारी गरेको विज्ञप्तिमा पनि सो कुरा जानकारी गराइएको छ।

त्यो जिल्ला तालिबानीको गढ रहेको मानिएको छ। त्यस क्षेत्रमा तालिबानीहरू लुकेर बसेको सूचनाको आधारमा सरकारी सेनाले सो कारबाई गरेको बताइएको छ । उता अफगानिस्तानका विभिन्न प्रान्तका केही स्थानमा पनि हिंसात्मक आक्रमण भएको बताइएको छ । सो हिंसामा भएको मानवीय हताहतबारे भने कुनै जानकारी नगराइएको समाचारमा जनाइएको छ।

### कारबाईमा परी पाँच आतङ्ककारी मारिए

इस्लामाबाद /सिन्ह्वा

बलुचिस्तान प्रान्तको दक्षिणपश्चिम जिल्ला मुस्तुङमा सोमवार बिहान प्रहरीले गरेको कारबाईमा पाँचजना आतङ्ककारी मारिएका छन् । आतङ्ककारीविरुद्ध कारबाई गर्ने प्रहरी विभाग (सिटिडी) ले यो कारबाई जारी राखेको स्थानीय सञ्चार माध्यमले जनाएको छ। रासस



## १५ सय छात्रालाई साइकल प्रदान

जनकपुरधाम, २४ फागुन/रासस

१११औं अन्तर्राष्ट्रिय नारी दिवसको अवसर पारेर प्रदेश सरकारले बेटी पढाउ बेटी बचाउ कार्यक्रम अन्तर्गत कक्षा ८ का छात्राहरूलाई साइकल वितरण गरेको छ। मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सोमवार आयोजना गरेको एक समारोहका बीच मुख्यमन्त्री लालबाबु राउतले धनुषा जिल्लाको २७ विद्यालयका १५२० छात्राहरूलाई साइकल वितरण गरे।

उपसभामुख उपमा देवको अध्यक्षतामा भएको कार्यक्रममा आन्तरिक मामिला तथा कानून राज्यमन्त्री सरोजसिंह कुशवाहा, भुमि व्यवस्था, कृषि तथा सहकारी राज्यमन्त्री योगेन्द्र यादवलगायतले शुभकामना मन्तव्य राखेका थिए।

## सरोकार मञ्चद्वारा महिलालाई सम्मान

प्रस, रक्सौल, २४ फागुन/

अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा सरोकार मञ्च, रक्सौलले दलित बस्तीका महिलाहरूलाई सम्मान गरेको छ ।

रक्सौलस्थित नेपाली स्टेशन दलित बस्तीमा आयोजित कार्यक्रममा मुख्य अतिथि डा. भावना चौहान, डाली श्रीवास्तवले दलित बस्तीकी चन्दा देवी, सुधा देवी, मिड डे मिलकी चाँद तारालाई आफ्नो कार्यक्षेत्रमा उत्कृष्ट कार्य गरेबापत सम्मानित गरेकी थिइन् ।

कार्यक्रममा डा. चौहानले महिलाहरू अबको समयमा कुनै क्षेत्रमा




पछाडि नरहेको र चन्द्रमासम्म पुगेको बताइन्।

कार्यक्रममा सरोकार मञ्चका सचिव राजेश वर्मा, सौरभ नाथ, राजेश कुमार, दीपक कुमार, सुधा देवी, तृषा, प्रिंस कुमार, आशीष कुमार, आकाश कुमार, आरतीकुमारी, अनंता कुमारीलगायतको सहभागिता थियो ।

## महिला सहकारीद्वारा परवानीपुरमा र्‍याली

प्रस, परवानीपुर, २४ फागुन/

वीरगंज महानगरपालिका-२१ परवानीपुरमा सञ्चालित चेतनशील महिला बहुद्देश्यीय सहकारी संस्थाले १११ औं नारी दिवसको अवसरमा परवानीपुरमा र्‍याली निकालेको छ । 'सम्मान र रोजगार समृद्ध नेपाल' को नारासहित मध्याह्न १२ बजेदेखि संस्थाको कार्यालयबाट शुरू भएको र्‍याली प्रहरी चौकी परवानीपुर भएर पुनः तत्वा टोलको सडकबाट परवानीपुर बजारमा रहेको संस्था नजीक फर्केको थियो।

संस्थाकी अध्यक्ष सुखली देवीको अध्यक्षतामा निकालिएको र्‍यालीमा संस्थाकी पूर्व अध्यक्ष धर्मशीला कुशवाहा, व्यवस्थापक सङ्गीता रेग्मी, सह व्यवस्थापक ममता मण्डल, संस्थाका कार्यकारिणी समितिका सदस्यहरूलगायत करीब डेढ सय महिलाको सहभागिता थियो। महिला, बालबालिका तथा ज्येष्ठ नागरिक कार्यालय पर्साको तर्फबाट सहभागीहरूलाई खाजा खर्च सहयोग गरिएको थियो ।

र्‍यालीमा परवानीपुरकै परिमार्जन बचत तथा ऋण सहकारी संस्थाका व्यवस्थापक मनोज गुप्ताले पनि सघाएका थिए ।

## सुशासनको साधारणसभा सम्पन्न

प्रस, पर्सागढी, २४ फागुन/

सुशासन साना किसान कृषि सहकारी संस्थाको दोस्रो वार्षिक साधारणसभा सम्पन्न भएको छ ।

पर्सागढी नगरपालिका-३ आमोदेवी क्याम्पसमा आयोजित साधारणसभाको उपप्रमुख अर्चना चौधरीले उद्घाटन गरेकी थिइन् । सो अवसरमा उनले लघुवित्त संस्थाहरूभन्दा साना किसान सहकारी संस्थाले सहुलियत दरमा ऋण उपलब्ध गराएको बताइन्। उनले सबैलाई बचत गर्ने बानी बसाल्न आग्रह गर्दै बचतले भविष्यमा आइपर्ने समस्या टार्न सकिने बताइन् । आर्थिक कारणले पनि धेरै समस्या आइपर्ने हुँदा त्यस्तो समस्या समाधानको लागि बचत गर्ने बानी बसाल्न उनको सुझाव थियो ।

कार्यक्रममा संस्थाका प्रबन्ध प्रमुख बबिता कुमारीले आर्थिक र प्रगति प्रतिवेदन प्रस्तुत गरेकी थिइन् । कार्यक्रममा सृजनाकुमारी गुरागाईं, दिपेश नेपाल, यमबहादुर बस्नेत, वीरेन्द्रकुमार कर्णलगायतले मन्तव्य व्यक्त गरेका थिए। कार्यक्रममा आगन्तुक अतिथिहरूको स्वागत बबिता चौधरी र सहजीकरण मनोज यादवले गरेका थिए ।

## बोल्न नसक्ने राजु यादव दुई सातादेखि सम्पर्कविहीन

प्रस, पर्सागढी, २४ फागुन/

बारा, कलैया उपमहानगरपालिका-७ बरेवा निवासी २८ वर्षीय राजु यादव दुई सातादेखि हराएका छन् । उनलाई पछिल्लोपटक फागुन २० गते दिउँसो ११ बजे आन्तरिक राजस्व कार्यालय वीरगंजमा देखिएको गाउँलेहरूले निजका परिवारलाई बताएका थिए ।

बोल्न नसक्ने प्रकृतिका यादवको खोजीको लागि पर्सा, बाराका प्रहरीलाई जानकारी गराइएको तर अहिलेसम्म फेला नपरेको घर परिवारले बताएका छन्। उनका घरपरिवारले राजु यादव रातो टीसर्ट, कालो पाइन्ट लगाएको र निजको बारेमा थाहा पाउनेलाई प्रहरीमा खबर गरी सहयोग गर्न आग्रह गरेका छन् ।

**Om Advertising**

A Complete art Solution

3D Flex Print 2D

Flex Print, Backlit Print, inyle Print, Reflective Print, Hoarding Board, Glowsing Board, LED Board, Sticker Print, Wall Painting, Shutter Painting, Welcome Gate, Name/No. Plate

Parwanipur, Bara

9802818703, 9846418703

**Poonam Arts**

......A Complete art Solution

- Flex Print
- Sticker Print
- Dps Board
- Light Board
- Glowsing Board
- Wall Painting
- Stall Decoration
- 2D-3D Board
- Hoarding Board
- Digital Hoarding Board

National Trading, Main Road, Birgunj

Ph: 051-525653




**Admission Open**

BBA (Bachelor of Business Administration)
BBA-TT (Bachelor of Business Administration-Travel & Tourism)
BCA (Bachelor of Computer Aplication)

CITIZEN COLLEGE
POKHARA UNIVERSITY AFFILIATE

Kumaripati, Lalitpur (Opposite to Mahayaan Petrol Pump)
01-5545684, 5545685, 9851000035

### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | सफलता | वृष | राज्यभय |
| मिथुन | रोगभय | कर्कट | यात्रालाभ |
| सिंह | रोगभय | कन्या | कार्यनाश |
| तुला | उदरपीडा | वृश्चिक | विजय |
| धनु | धनखति | मकर | भाग्योदय |
| कुम्भ | बेचैनी | मीन | मनोरञ्जन |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

**रानीघाट-पोखरिया बस समिति**

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो: ३:४० बजे

# २५ जना महिलासहित ७४ जनाद्वारा रक्तदान



तस्वीर: प्रतीक

प्रस, वीरगंज, २४ फागुन/

८५औं महाशिवरात्रिको अवसरमा ब्रह्माकुमारी राजयोग सेवा केन्द्र वीरगंजले बाराको कलैया र पिलुवामा रक्तदान कार्यक्रम गरेको छ।

कलैयामा आयोजित रक्तदान कार्यक्रममा ९ जना महिलासहित ३४ जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए।

रक्तदान कार्यक्रममा पन्नालाल कुशवाहा, राजेश मण्डल, रामाधार साह, सुनीता चौधरी, शीला यादव, सुषमा पाण्डे, रीना चौधरी, निर्मला कुमारी, गायत्री थापा र अस्मिता खनाललगायतले रक्तदान गरेको प्रमुख पाण्डेले बताए।

यसैगरी ब्रह्माकुमारी राजयोग सेवा केन्द्रकै आयोजनामा पिलुवा पिसपार्कमा भएको रक्तदान कार्यक्रममा १६ जना महिलासहित ४० जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक जितेन्द्र कुशवाहाले बताए।

कार्यक्रममा केदारनाथ बजगाई, विष्णु डंगोल, झलक डंगोल, विकास नेपाली, रमिता फुयाँल, सीता उप्रेती, रीता पुलामी, सरीता भारती, सुजाता लामा, सुनीता श्रेष्ठ, वर्षा मैनाली, मेनुका न्यौपाने, मोतीमाया दोङ, सङ्गीता भट्टराई, सुमित्रा राई, झनमकुमारी उप्रेती र मधु कार्कीलगायतले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक कुशवाहाले बताए।

# ग्रीन सिटीद्वारा निश्शुल्क स्वास्थ्य शिविर

प्रस, वीरगंज, २४ फागुन/

अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा ग्रीनसिटी सामुदायिक सेवा केन्द्र वीरगंज आदर्शनगरले निश्शुल्क स्वास्थ शिविर आयोजना गरेको छ।

आदर्शनगरमा आयोजित शिविरमा वयोधा अस्पतालका तीनजना चिकित्सकले बिरामीहरूको चेकजाँच गरेका थिए। शिविरमा ७५ जना महिला र १२५ जना पुरुष गरी २ सयजनाको चेकजाँच गरिएको ग्रीन सिटीका अध्यक्ष प्रकाश खेतानले बताए। शिविरमा हाडजोर्नी, गाइनो, जनरल फिजिसियन, मधुमेह र उच्च रक्तचापका बिरामीहरूको परीक्षण गरिएको अध्यक्ष खेतानले बताए।

निश्शुल्क स्वास्थ्य शिविरमा सशस्त्र प्रहरी उपरीक्षक राजेन्द्र खड्का, प्रहरी नायब उपरीक्षक मनोजित कुँवर, ओमप्रकाश खनाल, प्रहरी निरिक्षकहरू राजेशराज पुरी, दीपक साह, सुमन कार्कीलगायतको सहभागिता थियो भने ग्रीनसिटीका रतन टेमानी, त्रिलोचन दारूका, बब्लु अग्रवाल, राकेश अग्रवाललगायतले सहयोग गरेका थिए।

# महिलाबाटै महिलाको अपहेलना हुन्छ -मेयर यादव

प्रस, रौतहट, २४ फागुन/

अन्तर्राष्ट्रिय महिला दिवस आज माधवनारायण नगरपालिकाको प्राङ्गणमा भव्यताका साथ मनाइयो। कार्यक्रमका प्रमुख अतिथि माधवनारायण नगर पालिकाका नगर प्रमुख वीरेन्द्र यादवले महिलाहरूले नै महिलालाई अपहेलित गर्ने गरेको बताए।



तस्वीर: प्रतीक

अन्तर्राष्ट्रिय महिला दिवस मनाउने क्रममा मैनबत्ती बाली उद्घाटन गर्दै नगर प्रमुख यादवले महिलालाई सरकारको नीतिले आरक्षण दिए पनि त्यसको उपयोग गर्न महिला नै अगाडि बढ्नुपर्ने धारणा राखे।

हाम्रो समाजमा अहिले पनि महिलालाई घरभित्र घुम्टोमा राखेर अगाडि बढ्न नदिएको उनले भने। छोरा छोरीमा अहिले पनि विभेद रहेकोले त्यसलाई हटाउन जनचेतना मूलक कार्यक्रम हुँदै आएको प्रमुख यादवले भने।


महिलाको सुरक्षा, सम्मान र रोजगारले समृद्ध नेपालको आधार तयार हुने उनले बताए।

देश-विदेशमा आज यो दिवस मनाउनुको सार्थकता महिलालाई सुरक्षा, सम्मान, रोजगार दिए मात्र देश पनि समृद्ध हुने भएकोले यसमा सबैले सहयोग गर्न उनले आग्रह गरे।

सोही अवसरमा वडा अध्यक्ष जमिल अख्तर मन्सुरी, जितेन्द्र प्रसाद, राजीव कुमार यादवलगायतले शुभकामना दिँदै महिलाहरूलाई अगाडि बढ्न आग्रह गरेका थिए।

माधवनारायण नगरपालिकाका उपमेयर सिमलकुमारी साहले महिलालाई उच्च शिक्षा दिए महिला पनि पुरुष सरह अगाडि बढ्ने बताइन्। समाजको विकृति विसङ्गति न्यूनीकरण गर्न जनचेतनामूलक कार्यक्रम सञ्चालन हुँदै आएकोले अहिले सुधार भइरहेको उनले बताइन्। छोरा र छोरीलाई एक समान हेर्न सरकारले नीति नियम ल्याएपनि व्यवहारमा लागू गर्न हामी सबले पहल गर्नु जरूरी रहेको उनले बताइन्।

उपमेयर सिमलकुमारी शाहको अध्यक्षतामा कार्यक्रम सम्पन्न भएको थियो। नगरपालिकाका विभिन्न वडाबाट सहभागी महिलाहरूले माधोपुर बजारको विभिन्न क्षेत्रमा जुलूस प्रदर्शन गर्दै महिला हिंसा बन्द गर, बालविवाह बन्द गर, दाइजो प्रथा न्यूनीकरण गर, महिलाहरूलाई अवसर प्रदान गर जस्ता नारा लगाएका थिए।



# खेलकूदको संसार

## भारोत्तोलनमा भविष्य खोज्दै किशोरीहरू

सप्तरी, २४ फागुन/रासस

उमेरले १२ वर्ष मात्र पुगेकी छिन्, अम्बिकाकुमारी यादव। कक्षा ५ मा अध्ययनरत सप्तरीको राजविराज नगरपालिका-६ की उनी भारोत्तोलन खेलको अभ्यासमा छ महीनादेखि निरन्तर अभ्यासरत छिन्। राष्ट्रियस्तरको पदक प्राप्त गर्ने र भविष्यमा सेना बन्ने सपना बुनेकी उनी बिहान ८ बजेदेखि ११ बजेसम्म फलामको गह्रौं भारी उचाल्ने कठोर अभ्यास गर्छिन्। उनको पदक प्राप्त गर्ने परीक्षा नजीकिएको छ। कोभिड-१९ को महामारीपछि पहिलोपटक राष्ट्रियस्तरको भारोत्तोलन प्रतियोगिता राजविराजमा हुँदैछ। यही फागुन २९ र आगामी चैत १ गते आयोजना हुने 'देवसुन्दर यादव स्मृति प्रथम राष्ट्रिय भारोत्तोलन' प्रतियोगितामा ४० किलो तौल समूहमा उनी प्रतिस्पर्धा गर्दैछिन्। भारोत्तोलन प्रशिक्षक पुन्तीलाल यादवका अनुसार सबैभन्दा कान्छी खेलाडीका रूपमा सहभागिता जनाउने अम्बिकाले पदक प्राप्त गर्ने निश्चित छ। हजुरबुवा दुर्गानन्द यादवको प्रेरणाले खेल क्षेत्रमा होमिएकी उनको एउटै लक्ष्य छ सेना बनेर सेवा गर्ने। खेल क्षेत्रमा राम्रो गरे सेनामा सहज प्रवेश पाउने विश्वास बोकेकी उनी भन्छिन्-"देशको सेवासँगै सेनामा प्रवेश पाए आफ्नो खेल क्षमता पनि विकास हुनेछ"- आफ्नो सपना र लक्ष्य भनिरहँदा उनका आँखाभरि रहर र सपना भाव प्रस्ट झल्किन्थ्यो।

भारोत्तोलनमा भविष्य सपार्ने सपना बुन्दै तीन वर्षदेखि कडा परिश्रम गरिरहेकी अर्की किशोरी हुन् विष्णुपुर गाउँपालिका-४ की १६ वर्षीया पूजाकुमारी मण्डल। कक्षा १० मा अध्ययनरत उनले प्रदेशस्तरमा स्वर्ण पदक प्राप्त गरी नेपालगंजमा २०७५ सालमा भएको राष्ट्रियस्तरको प्रतियोगितामा सहभागिता जनाइसकेकी छन्। यसपटक उनी राष्ट्रियस्तरको प्रतियोगितामा स्वर्णपदकको आशा गर्दै ४९ किलो तौल समूहमा प्रतिस्पर्धा गरिरहेकी छन्।

विष्णुपुर गाउँपालिका-१ खुरहुयाकी १५ वर्षीया सरिता यादव सबैभन्दा जोशिली खेलाडी हुन्। एघार वर्षको उमेरदेखि खेल्न शुरू गरेकी उनले प्रदेश २ स्तरको प्रतियोगितामा स्वर्णपदक प्राप्त गरेकी छन्। उमेरले कलिलै भए पनि राष्ट्रिय र प्रदेशस्तरीय प्रतियोगितामा दुई/दुई पटक सहभागिता जनाएर अनुभव बटुलेकी उनी पदकको आकाङ्क्षा राख्दै साइकलबाट छ किलोमिटरको दूरी तय गरी नियमित अभ्यासमा आउँछिन्।

पाइलैपिच्छे विभिन्न चुनौती र अभावको सामना गर्दै अगाडि बढिरहेकी खेलाडी हुन् विष्णुपुर गाउँपालिका-३ मुसहरनियाकी १८ वर्षीया काजल सदा। अभावग्रस्त दैनिकीका बावजूद भारोत्तोलनमा भविष्य खोज्दै अगाडि बढेकी उनले प्रदेश २ स्तरमा स्वर्ण पदक र नेपालगंजमा २०७५ सालमा भएको राष्ट्रियस्तरको प्रतियोगितामा कांस्यपदक पाइन्। उक्त सफलताले पाएको हौसलाका साथ अभ्यासमा तल्लीन उनले राजविराजमा हुन गइरहेको राष्ट्रियस्तरको प्रतियोगितामा पनि उत्कृष्ट प्रदर्शन गर्ने र पदक ल्याउने विश्वास व्यक्त गरिन्। उनलाई नै आफ्नो प्रेरणाको स्रोत बताउने सोही गाउँकी १७ वर्षीया किरणकुमारी सदा पनि तीन महीनादेखि भारोत्तोलन खेलको अभ्यासमा छिन्। किरणले भनिन्-"एक दिन काजलले भारोत्तोलन उचालेको देखेर मलाई बडो रोमाञ्चक लाग्यो। पुरस्कृत भएर गाउँ आएपछि उनीसँग समाजको सकारात्मक व्यवहार देखेर मलाई पनि त्यसैगरी खेल्ने इच्छा जाग्यो।" परिवारले भरपूर साथ दिएपछि विष्णुपुर गाउँपालिका-५ कट्टीकी १९ वर्षीया ज्योतिकुमारी मण्डल पनि दुई महीनादेखि अभ्यास गरिरहेकी छन्। उनका बुबाआमाले आफन्तका अगाडि उनलाई चिनाउँदा 'मेरो छोरा हो यो' भन्दै पिठ्यूँ थपथपाउँछन्। तीन दिदीबहिनीमा माइली ज्योतिले दाजुभाई नभए पनि बुवाआमाबाट छोरासरह भरोसा र व्यवहार पाएकीले उनलाई अगाडि बढ्न प्रेरणा मिलेको छ।

विद्युतीय मिस्त्री बुवा श्याम मण्डल र गृहिणी आमा शोभादेवी मण्डलको छोरासरहको व्यवहारले उनको सिङ्गो दृष्टिकोण परिवर्तन गरिदिएको छ। भविष्यमा सेना बन्ने सपना साँचेकी उनले विद्यालयमा पढिरहेकै बेला एनसिसी तालीम पनि लिएको बताइन्। उनी भन्छिन्-"मलाई त्यो सैनिक पोशाकमा यति भाँती लगाव छ कि म छिट्टै नेपाली सैनिक बन्छु।"

चुनौतीका बावजूद खेल क्षेत्रमा किशोरीहरूको आकर्षण बढ्दै जानुमा राम्रो गर्न सके सेना, सशस्त्र र नेपाल प्रहरीमा प्रवेश पाउन सहज हुने उनीहरूको विश्वास हो। राजविराजस्थित जिल्ला खेलकूद विकास समिति परिसरमा नियमित तीन घण्टा अभ्यासमा जुट्नेगरेकी विष्णुपुर मुसहर्नियाकी १६ वर्षीया आरतीकुमारी रजक हुन् कि राजविराज खरसाल टोलकी १४ वर्षीया अञ्जलीकुमारी यादव हुन्। अधिकांशको सपना खेल क्षेत्रमा राम्रो गर्ने र नेपाली सैनिक बन्ने रहेको छ।

परम्परागत सामाजिक मान्यताका कारण अनेक आलोचना झेल्नुपर्ने अवस्थाले अन्य क्षेत्रझैं खेल क्षेत्रमा पनि महिलाको उपस्थिति कमजोर रहेको उनीहरूको बुझाइ छ। छोरासरह छोरीलाई पनि खेल क्षेत्रमा सहजरूपले हेर्ने वातावरण हुनुपर्ने ज्योतिको भनाइ छ। समान सहभागिता नै आजको विकासको अपरिहार्यता रहेको भन्दै समान सोच र व्यवहारको आवश्यकता रहेको सरिता बताउँछिन्। उनी भन्छिन्-"हौसला, हिम्मत र देशका लागि सेवा गर्ने दृढता छ, सोही अनुसार प्रोत्साहन दिने वातावरण आवश्यक छ।" स्थानीय निकाय, सङ्घसंस्था र सम्बन्धित निकायले खेल क्षेत्रमा भविष्य खोजिरहेकी छोरीलाई प्रोत्साहन दिन सके आकर्षण बढ्ने र गुणस्तर पनि बढ्ने खेलाडीको धारणा छ। भारोत्तोलनमा दुई महिलासहित १२ अन्तरराष्ट्रिय खेलाडी जन्माउने जिल्लामा पछिल्लो समय किशोरीको सहभागिता बढाउन प्रयासरत प्रशिक्षक पुन्तीलाल यादव थप प्रोत्साहनको आवश्यकता रहेको बताउँछन्। चिनजानका अभिभावकलाई भनसुन गरेर प्रोत्साहित गर्दै प्रशिक्षण दिने गरेको जानकारी दिँदै यादव भन्छन्-"प्रोत्साहन पाएमा सप्तरीको शम्भुनाथकी देवी, कविता र शान्ति चौधरीझैं सप्तरीका किशोरीले दक्षिण एशियाली खेलकूद (साग) लगायत अन्तरराष्ट्रिय प्रतियोगितामा पदक दिलाएर मुलुककै गरिमा बढाउने छन्।"

## पोखरामा मुआथाइको राष्ट्रिय प्रतियोगिता हुने

कास्की, २४ फागुन (रासस) :

चैत अन्तिम साता पोखरामा पहिलोपटक मुआथाई राष्ट्रिय च्याम्पियनसीप र अन्तरराष्ट्रिय सेमिनार हुने भएको छ।

नेपाल मुआथाई सङ्घ गण्डकी प्रदेश र कास्की शाखाको आयोजनामा आगामी चैत २४ देखि ३१ गतेसम्म पोखरा रङ्गशालामा प्रतियोगिता सञ्चालन हुने सङ्घले आज यहाँ आयोजित पत्रकार सम्मेलन गरी जानकारी दिएको हो। मुआथाई खेलका माध्यमबाट युवालाई खेलकूदतर्फ आकर्षित गर्ने तथा क्षमतावान् खेलाडी उत्पादनको लक्ष्यसहित प्रतियोगिता र सेमिनार आयोजना गरिने नेपाल मुआथाई सङ्घका केन्द्रीय महासचिव सुदीप पण्डितले जानकारी दिए।

सेमिनारमा अन्तरराष्ट्रिय मुआथाई महासङ्घका प्रतिनिधि एवं प्रशिक्षकबाट नेपालका मुआथाई खेलाडी तथा अफिसियललाई प्रशिक्षण एवं रेफ्री कोर्षबारे प्रशिक्षण दिइने छ। चैत २४ देखि २८ गतेसम्म सेमिनार तथा चैत २९ देखि ३१ गतेसम्म अन्तरराष्ट्रिय मुआथाई महासङ्घको नियममा रहेर प्रतियोगिता सञ्चालन हुने बताइन्छ। राष्ट्रिय मुआथाई च्याम्पियनसीपमा देशका सातै प्रदेशका २१ जिल्लाबाट प्रशिक्षक, निर्णायक र खेलाडी गरी ४०० जनाको सहभागिता रहने छ।

प्रतियोगितामा खेलाडीले ४५ केजीदेखि ९१ केजी तौलसम्म विभिन्न सातवटा तौल समूहमा प्रतिस्पर्धा गर्ने नेपाल सङ्घका केन्द्रीय उपाध्यक्ष एवं मुख्य प्रशिक्षक दीपकबहादुर गोदारले जानकारी दिए।

### लालगढका ६ वटा होटल.....

३९ दफा बमोजिम तत्काल जरिवाना गरिएको रसिद काटिएको थियो।

६ वटै होटललाई ७ दिन भित्र राष्ट्रिय वाणिज्य बैंकमा राजस्व दाखिला गर्न आदेश गरिएको छ।

अनुगमन टोलीमा वाणिज्य कार्यालय, वीरगंजका प्रमुख जितबहादुर भण्डारी, जिल्ला प्रशासन कार्यालय धुनषाका प्रतिनिधि, खाद्य प्रविधि तथा गुण नियन्त्रक कार्यालय धुनषालगायत निकायका प्रतिनिधिहरूको सहभागिता थियो।

### राप्ति..........

पानीले बाराको कृषि क्षेत्रको सिंचाइमा योगदान दिन सकिने भएकोले यस विषयमा प्रदेश सरकारले गम्भीरतापूर्वक लागेको जानकारी गराए।

उनले भने, "प्रदेश सरकारले अब केही वर्षमै अध्ययन पूरा गरेर कति बजेट लाग्छ त्यस विषयमा दाता अथवा तीनवटै तहको सरकार मिलेर बजेट विनियोजन गरेर अघि बढ्ने छौं।" अनुगमन निरीक्षण टोलीमा सङ्घीय सांसद एकबाल मियाँ, पूर्व सभासद् मधु शाही, प्रदेशसभा सदस्य तथा बाराका नेताहरू पारस साह, ज्वाला साह, सुन्दर विश्वकर्मालगायत बाराका होटल व्यवसायीलगायतको सहभागिता रहेको मन्त्री सोनलका स्वकीय सचिव रमेश सर्राफले जानकारी गराए।


**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६)को पालना गरौं।**

**बिभत्स दृश्य र तस्वीर प्रकाशन/प्रसारण नगरौं।**

- पत्रकार तथा सञ्चारमाध्मयले समाजमा हिंसा, निराशा, घृणा, सन्त्रास र उत्तेजना फैलाउने किसिमका समाचार, श्रव्यदृश्य सामग्री प्रकाशन/प्रसारण गर्नु हुँदैन।
- पत्रकार तथा सञ्चारमाध्यमले हत्या, आत्महत्या, बलात्कार, दुर्घटना जस्ता कारणबाट सिर्जीत नग्न, क्षतविक्षत र बिभत्स दृश्य एवं तस्वीरहरू सम्प्रेषण गर्नु हुँदैन।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग